# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा स्वीकृत प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ । हामी जसलाई साधारण बोलीचालीको भाषामा सरकारी विद्यालयको नामले चिन्दछौं । जसमा सम्पूर्ण सेवा सुविधा नेपाल सरकारले प्रदान गर्दछ । त्यस्तै नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृति वा अनुमति पाएर सञ्चालित भएको विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । जसलाई साधारण बोलीचालीको भाषामा संस्थागत विद्यालय भनी चिन्दछौं । नेपाल सरकारले यस्ता विद्यालय सञ्चालन गर्नको लागि अनुदान नदिएको कारण विद्यालय सञ्चालनको लागि धेरै वा एक व्यक्तिको सहयोगबाट विद्यालयले आवश्यक रकम प्राप्त गर्दछ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्न आउने सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले सञ्चालित गरिएको हुन्छ । (शिक्षा ऐन, २०२८)

विद्यार्थी वर्गले निर्धारित तहमा अनिवार्य रुपमा अध्ययन गर्नुपर्ने तर उक्त विषयको सट्टामा छान्न पाउने अर्को विषय नभएका त्यस्तो विषयलाई अनिवार्य विषय भनिन्छ । शिक्षा प्रतिवेदन २०४९ र उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ले निर्देशन गरे अनुसार माध्यमिक तहमा नेपाली, अंग्रेजी, गणित, विज्ञान, समाजिक अध्ययन, स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षालाई अनिवार्य विषयहरुको रुपमा कार्यान्वयन गरिरहेको छ । विद्यार्थी वर्गले निर्धारित तहमा अनिवार्य रुपले ज्ञान, सीप, धारणाको विकास गरी राष्ट्रको समृद्ध विकास गर्नको लागि अनिवार्य विषयहरु राखिएका हुन् । (मा. वि. शिक्षा पाठ्क्रम २०६४)

सवै स्थानका विद्यार्थी वर्ग समान छन् सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सही रुपमा व्यवहार परिवर्तन ल्याउनको लागि सवै सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा समान

प्रकृति अनिवार्य विषयहरु निर्धारण गरिएको छ । समान प्रकृतिको पाठ्यक्रमको आधारमा विना भेदभाव राष्ट्रिय परम्परा संस्कृति समाजिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ्य नागरिक उत्पादन गर्ने रहेको छ । (मा. वि. शिक्षा पाठ्क्रम २०६४)

विद्यालय तहमा पाठ्यक्रमलाई जनआकांङ्क्षा एवं देशको परिवर्तित सन्दर्भ अनुकुल समसामयिक  परिवर्तन गर्न राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरे अनुसार २०५५ सालमा कक्षा नौ र दशको संयुक्त पाठ्क्रम तयार गराई लागू भएको थियो । एस.एल.सी.अध्ययन प्रतिवेदनले सिफारिस गरे अनुसारको व्यवस्था कार्यन्वयन गर्ने क्रममा नेपाल सरकारले २०६३ सालको एस.एल.सी.परीक्षा देखि कक्षा–१० को पाठ्क्रमबाट मात्र प्रश्न सोधि परीक्षा लिने व्यवस्था गरेको छ । यस्तै नेपाल सरकारवाट विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ स्विकृति भै कार्यान्वयनको चरणमा रहेको छ । यसको मूल मर्मलाई दृष्टिगत गरी शिक्षा विद्ले दिएका राय सुझावलाई समेट्दै मौजुदा पाठ्यक्रमका उद्देश्य तथा विषय क्षेत्रको समायोजन र समसामयिक परिमार्जनमा सहित कक्षा ९ र १० को लागि छुट्टा-छुट्टै पाठ्यक्रम विकास गरी तयार गरिएको छ । (मा. वि. शिक्षा पाठ्क्रम २०६४)

शिक्षा पाउनु सबैको नैसर्गिक अधिकार हो । शिक्षाले व्यक्तिको विकास गर्नुको साथै समतामूलक समाजको निर्माणमा सहयोगी भूमिका खेल्नु पर्दछ र न्यायीक हुनुपर्दछ । शिक्षा नीतिले लक्षित समूह र उद्देश्यलाई स्पष्ट पारिनु पर्दछ । तबमात्र पिछडिएका, दलित, महिला, जनजाति, असहाय, अशक्त आदिको संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ । यसो गर्न सके मात्र राज्यको मूल प्रवाहमा अन्य प्रतिस्पर्धी जस्तै बनाउन मद्दत पुग्दछ । शिक्षा विकास र यसको पृष्ठभूमिलाई कोट्याउदा सर्वप्रथम U.S.A. बाट विकास भएको मानिन्छ । यो कार्यक्रम अमेरिकाका Head Start को नामले प्रचलित रहँदै आएको पाइन्छ । निश्चित रुपमा यो महत्वपूर्ण र सफल भएको कार्यक्रम हो । यसको विकास र विस्तारले निरन्तरता पाई संसार भरिनै आवश्यकता महसुस भएकोले फैलिरहेकोछ । (खनाल २०६०)

नेपालमा प्राचीन कालदेखिनै विभिन्न माध्यमबाट अनौपचारिक रुपमा शिक्षा लिने र दिने प्रचलन रहेको पाइन्छ । गुरुकुल शिक्षा, संस्कृत शिक्षा र बौद्ध शिक्षा प्रचीन नेपालका प्रमुख शिक्षाका उदाहरण हुन् । त्यसवेला मठ मन्दिर, गुम्वा, विहार, गुरुको आश्रम, चौतारा, पाटी पौवा आदि शिक्षा लिने दिने केन्द्रका रुपमा लिए तर ती शिक्षा प्रणाली वैज्ञानिक र कुनै नीति नियम कानुनका आधारमा सु-सञ्चालन नभई गुरुको आज्ञा र निर्देशन अनुसार सञ्चालित थिए । त्यसवेला चेलाले गुरुको र गुरुको परिवारको सेवा गरी खुसीपारी शिक्षा आर्जन गर्ने प्रचलन रहेको थियो । (शर्मा, २०४३)

वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापनासँगै शिक्षामा द्रुत विकास हुन थाल्यो । वि.सं.२००९सालमा नेपालमा राष्ट्रिय शिक्षा आयोग गठन भई वि.सं. २०११ मा प्रतिवेदन पेश गऱ्यो । उक्त प्रतिवेदन अनुसार शिक्षामा सबैको पहुच र गुणस्तरीय शिक्षा प्रदान गर्न प्राथमिक र प्रौढ शिक्षालाई निःशुल्क गर्ने, शिक्षा व्यावसायिक हुनुपर्ने, शिक्षकलाई तालिम दिने, शिक्षालाई विकेन्द्रीकरण गर्ने जस्ता बुँदाहरु समावेश गरिएको थियो । (शर्मा, २०६५)

देशको बदलिँदो समय र परिस्थिति अनुसार उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षा अझ गुणस्तरीय र सबैको पहुँच पुऱ्याउने उद्देश्यले निःशुल्क अनिवार्य र मातृभाषामा शिक्षा प्रदान गर्न गुणस्तरीय र सुदृढीकरण, शैक्षिक परियोजनाको सञ्चालन, निरीक्षण, अनुगमन र मूल्याङ्कन पद्धति पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर, विशेष शिक्षा र साक्षरता कार्यक्रम, बहु–विश्वविद्यालय प्रणाली विज्ञान तथा प्राविधिक शिक्षा आदिमा जोड दिएको छ । (शिक्षा ऐन, २०२८)

नेपालको माध्यमिक शिक्षाको सुधारको लागि विभिन्न प्रयासहरु भएका छन् । वि.सं. २०३९ सालदेखि विज्ञान शिक्षा परियोजना वि.सं. २०५० सालदेखि माध्यमिक शिक्षा विकास परियोजना, आ.व. २०५७/०५८ देखि माध्यमिक शिक्षा विकास केन्द्र र सन् २००३ देखि २००७ सम्म माध्यमिक शिक्षा सहयोग कार्यक्रम सञ्चालन भएको थियो । (शिक्षा विभाग, २०६६)

शिक्षक एउटा माझी हो । जसले यात्रुपी विद्यार्थीलाई किनारारुपी लक्ष्यमा पुऱ्याउनु पर्दछ । बालबालिकाको भविष्यलाई काँधमा बोकी हिँडेको शिक्षकले आफ्नो अधिकार स्वार्थलाई भन्दा कर्तव्य दया र सेवाको भावलाई अङ्गीकार गर्दै भविष्यका कर्णधारलाई आशातीत लक्ष्य तथा उद्देश्य चुमाउनमा अग्रसर हुनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी केन्द्रित क्रियाकलापमा हुनुपर्दछ भन्ने रहेको छ तर आवश्यक भौतिक स्रोत अभाव, वातावरणीय समस्या, पाठ्यक्रम सम्वन्धि समस्या, योग्यता सम्वन्धि समस्या, शैक्षिक सामग्रीको अभाव, आर्थिक अभाव, तालिमको कमी, जनचेतनाको अभाव आदि जस्ता विभिन्न समस्या  र अभावले गर्दा शिक्षकहरुले प्रभावकारी शिक्षण गर्न सकेको पाइँदैन । एकातर्फ साधनस्रोत र ज्ञानको अभाव  अर्कोतर्फ अभिभावकले विषयवस्तु सिकेमात्र सिकाइ ठान्ने प्रवृतिले गर्दा शिक्षकलाई पाठ्यक्रम अनुरुप  शिक्षण गर्न अपठ्यारो परेको दखिन्छ । एकपटक लिएको शिक्षा सधैंको लागि पर्याप्त हुँदैन । निरन्तर रुपमा पुनर्ताजगी तालिमको अभावले नयाँ नयाँ प्रविधिसँग परिचित नहुँदा शिक्षकलाई शिक्षण गर्न समस्या देखिन्छ । दैनिक जीवनयापन गर्नको लागि निश्चित रुपमा तलबको आवश्यकता पर्दछ तर तलबको मात्रा कमी हुदाँ र समयमै तलब निकासा नहुँदा संस्थागत विद्यालयका शिक्षकहरु Dropout हुने गरेको देखिन्छ । पूरै तलब सरकारबाट प्राप्त हुदाँ स्थानीय कार्यप्रति चासो नभएको देखिन्छ । (शर्मा, २०६४)

माध्यमिक तहमा शिक्षण शिक्षकमा आ–आफ्नै समस्या रहेका छन् । माध्यामिक शिक्षा शिक्षणमा कक्षकोठा व्यवस्थापन पक्षले पनि महत्वपूर्ण भूमिका खेल्दछ । कक्षाकोठा कस्तो हुनुपर्दछ भन्ने सन्दर्भमा शिक्षविद्हरुको एकमत नभए पनि निम्न पक्षमा जोड दिएका छन् :

- कक्षाकोठाको साइज ठूलो हुनुपर्दछ ।
- चल्न खेल्न हुने सुविधा हुनु पर्दछ ।
- हावा पानी र प्रकाश राम्रोसँग आउनु पर्दछ ।
- कक्षाकोठाभित्र टल्कने आँखालाई बाधाहुने खालको वस्तु हुनुहुँदैन ।
- सामग्री ठीक ठीक ठाँउमा व्यवस्थित भएको हुनुपर्दछ  ।

- डेक्स वेन्चको पर्याप्त व्यवस्था भएको हुनुपर्दछ ।
- धैरै चिसो अँध्यारो खालको कक्षाकोठा हुनुहुँदैन । (वासुकला, २०५५)

सबैका लागि शिक्षा सन् २०१५ को कार्यान्वयनको लागि भएको डकार कार्य सम्पादन खाका २००३ का अनुसार "बालबालिकाको लागि वृहत्त शिक्षा विस्तार तथा सुधार एउटा नीति उद्देश्य हुनुपर्दछ ।" यसै अनुरुप शिक्षा तथा खेलकुद मन्त्रालयले सबैको लागि शिक्षा सन् २००४-२००९ को कार्यक्रम अगाडि बढाएको छ । (शिक्षा विभाग, २०६३)

विद्यालयको भौतिक पक्ष, गुणस्तरीय, आर्थिक पक्ष, व्यवस्थापन पक्ष व्यवस्थित तथा सहभागितात्मक र सिकाइ क्रियाकलाप बालकेन्द्रित तथा श्रृखलावद्ध भएमा मात्र एउटा माध्यमिक विद्यालयको शिक्षा दीगो निरन्तर र गुणस्तरीय हुन्छ । त्यसैले यसरी गुणस्तरीयताको उद्देश्य प्राप्तिको लागि निरन्तर रुपमा निरीक्षण र अवलोकन आवश्यक छ । हरेक आमावावुको आ -आफ्नै सपना हुन्छ । आफ्नो छोराछोरीलाई केही न केही बनाउने तर त्यस्तो राम्रो व्यक्तित्व बनाउन आज उनीहरु माथि लागानी गरेनौं भने भोलि गएर हाम्रो सपना पूरा हुँदैन । लगानी भनेको पैसा मात्र नभएर माया, ममता, स्वास्थ्य र शिक्षा इत्यादि हो । आजबाट नै हामीले ध्यान दिएनौं भने हामी आशा होइन निराशामा परिणत हुन्छौं । बालबालिकाले राम्रो अवसर पाएमा मात्र विकासको अवसर मिल्छ । त्यो वातावरणको  लागि वच्चाको धेरै कुरामा हामीले सहयोग पुऱ्याएमा अवश्य पनि उनीहरु एउटा बगैंचाको सुन्दर फूल बन्ने छन् । (सेरिड, २०६५)

सामुदायिक र सस्थागत विद्यालयमा स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको शिक्षण सिकाइ क्रियाकलाप पश्चात् व्यक्तिको व्यक्तिगत स्वास्थ्यमा चासो राख्ने, स्वास्थ्य रहन सिक्ने, जन्मदर नबढाउने छोराछोरी बीचमा भेदभाव नगर्ने, वातावरण संरक्षणको लागि वृक्षारोपण गर्ने, क्लोरोफ्लोरो कार्बनडाइअक्साइड जस्ता हानिकारक ग्यास निस्कने यन्त्रको प्रयोग न्यून गर्ने र प्रयोग नगर्नको लागि निर्देशन दिने कार्य गर्न विद्यार्थी वर्गको ज्ञानात्मक पक्ष, सीप अभिवृद्धि क्षमता उच्च हुन

नितान्त आवश्यक छ । सामुदायिक र निजी विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको इच्छा, आवश्यकता अनुरुप पठनपाठन हुन सकेको छ वा छैन नेपालको शिक्षा प्रणालीलाई दुई धारमा विभाजन गरिएको छ जुन सरकारीबाट नियमित रुपमा अनुदान वा स्विकृत प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय र सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्विकृत वा अनुमति पाएर सञ्चालित विद्यालयलाई निजी विद्यालय यी दुई विद्यालयमा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलाप के–कसरी सञ्चालन हुने गरेको छ र उक्त विषयको शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीको जीवनमा आइपर्ने समस्या समाधान गर्न र उक्त समाधानको मार्गले परिवार समाज राष्ट्र र अन्तर्राष्ट्रिय परिवेशमा समेत आवश्यक फाइदा पुऱ्याउने भएकोले विद्यार्थी वर्गमा शिक्षणको क्रममा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रुपमा गरिनु पर्दछ भन्ने मान्यता रहेको छ । त्यसैले हाम्रा सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप के कसरी सञ्चालन भइरहेका छन् सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा के कस्तो भिन्नता छ भनी गहिरिएर अध्ययन गरिएको थियो । ( स्व.ज.वा., २०६६)

## १.२ समस्याको कथन

शिक्षण भनेको कक्षाकोठा भित्र शिक्षक विद्यार्थी बीचको अन्तरक्रियात्मक प्रस्तुतिलाई जनाउँदछ । जसमा एउटा शिक्षक मूल प्रवाहको वाहकको रुपमा रहन्छ जुनसुकै तहमा पनि शिक्षण सिकाइ विद्यार्थी केन्द्रित बालकेन्द्रित हुनुपर्दछ । शिक्षकले भोग्नु परेका विभिन्न समस्याको कारणले बालकेन्द्रित विधि अपनाइ शिक्षण गर्न सकेको देखिदैन । ती समस्याहरुमा भौतिक समस्या, आर्थिक, शैक्षिक, व्यवस्थापकीय सामग्री, सुपरीवेक्षक र अवलोकन नहुनु जस्ता रहेका छन् । यसरी विभिन्न समस्याबाट ग्रसित भएको अवस्थामा कसरी शिक्षाको उज्यालो प्रकाश छर्न सक्ला भनी समस्या देखा परेको छ ।

सीमित मासिक तलबको भरमा शिक्षक मानसिक रुपमा शिक्षण कार्यमा तत्पर हुन नसकेको देखिन्छ । शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न

पर्याप्त साधन स्रोतको अभाव र भएका साधन स्रोतको उचित रुपमा प्रयोग गर्न नजान्दा पनि शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न समस्या देखापरेको हुन सक्दछ । शिक्षकलाई नयाँ-नयाँ ज्ञान प्रविधिप्रति अद्यावधि गराई राख्न समय समयमा तालिमको व्यवस्था गर्नु पर्दछ । विभिन्न समस्याबाट मुक्त राख्न सकेमा माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

नेपाल सरकार र अन्य शिक्षाप्रति चासो राख्ने संघ संस्थाको सहकार्यमा प्रत्येक वर्ष शिक्षामा गरिने लगानी तुलनात्मक रुपमा बढी छ तर उक्त लगानी अनुरुपको उपलब्धि बीच तुलना गर्दा त्यसको अवस्था ज्यादै खस्किँदो अवस्थामा पुगेको देखिन्छ र त्यसमा पनि प्रवेशिका परीक्षाको परिणाम हेर्दा सामुदायिक विद्यालयको भन्दा निजी स्रोतवाट सञ्चालित संस्थागत विद्यालयको नतिजा निकै उच्च रहेको पाइन्छ । नेपाल सरकार, यशियाली विकास बैंक (ADB) र डेनिडा (DENIDA) सरकारले सामुदायिक माध्यमिक विद्यालयको गुणस्तर पहुँच र सक्षमताका निम्ति माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) सञ्चालन गरेको छ । तापनि शिक्षामा अझै गुणस्तर माथि उठ्न नसकेकोले सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक रुपमा अध्ययन गरिएको थियो ।

शिक्षा क्षेत्रको फलामे ढोका मानिने प्रवेशिका परीक्षाको नतिजा हेर्दा सामुदायिक विद्यालयका निकै कम मात्र विद्यार्थी हुनु, बढी अनुतीर्ण हुनु, निकै शैक्षिक क्षति हुनु, यसरी बढी शैक्षिक क्षति हुनुमा कक्षाकोठाको शिक्षणले कस्तो प्रभाव पारेको होला ? किन सामुदायिक मा.वि. को नतिजा संस्थागत मा.वि. को भन्दा कम छ ? शिक्षणमा बढी भन्दा बढी लगानी गरिए तापनि गुणस्तर किन खस्कँदो छ ? आदि प्रश्नको उत्तर खोज्न यस विषयको अध्ययन गरिएको थियो ।

## १.३ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनबाट निम्न अनुसन्धानात्मक प्रश्नको उत्तर खोज्ने प्रयास गरिनेछ :

१) विषय शिक्षकले विषय वस्तुको शिक्षण गर्नको लागि कसरी तयारी गर्दै आउनु भएको छ ?

२) विषय शिक्षकले कक्षाकोठाको व्यवस्थापन कसरी मिलाउँदै आउनु भएको छ ?

३) विषय शिक्षकले पाठको शुरुवात कसरी गर्ने गर्नुभएको छ ?

४) विषय शिक्षकले कुन–कुन शिक्षण विधिको प्रयोग गरी शिक्षण गर्दै आउनु भएको छ ?

५) विषय शिक्षकले विषय वस्तु शिक्षण गर्ने क्रममा कस्ता कस्ता शैक्षिक समाग्रीहरुको प्रयोग गर्दै आउनु भएको छ ?

६) विषय शिक्षकले विद्यार्थी मूल्याङ्कन कसरी गर्दै आउनु भएको छ ?

७) विषय शिक्षकले विद्यार्थीहरुलाई घरमा गरेर ल्याउनको लागि गृहकार्य दिने गर्नुभएको छ वा छैन ?

## १.४ अध्ययनको उद्देश्य

विश्वमा जति पनि अध्ययन अनुसन्धान हुने गरेका छन् ती सम्पूर्ण अध्ययन अनुसन्धानहरु लक्ष्य र उद्देश्य निर्धारण गरी सङ्गठित रुपमा सञ्चालन गरिन्छ । कुनै पनि कार्य गर्नुको पछाडि केही न केही उपलब्धिको आशा त पक्कै गरिन्छ । उक्त उपलब्धिलाई पूर्व स्थापना गरी सोही अनुरुप कार्य गर्नु पर्ने हुन्छ । उद्देश्य बिनाका कार्यले सफलता प्राप्त गर्न सक्दैन र त्यसको मूल्याङ्कन समेत गर्न सकिदैन । तसर्थ उद्देश्य निर्माण गर्नु भनेको लक्ष्य प्राप्त गर्ने बाटाहरुको चयन गर्नु हो । उद्देश्यको प्राप्तिबाट नै लक्ष्यमा पुग्न सकिन्छ । यो अनुसन्धानात्मक कार्यलाई निश्चित रुपले छोटो समय र सीमित स्रोतको उपयोगबाट उपलब्धिहरु हासिल गराउन सक्ने दृढ विश्वासका साथ निम्न उदेश्यहरु चयन गरिएको थियो ।

१) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको पृष्ठभूमी सम्वन्धी भिन्नताहरु पहिचान गर्नु ।

२) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको शिक्षण क्रियाकलापहरुको भिन्नता पत्ता लगाउनु ।

३) सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षकहरुको शिक्षण क्रियाकलापमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु ।

तसर्थ 'सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षण क्रियाकलापहरुको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न गर्नको लागि माथिका उद्देश्यअनुरुप अगाडि बढ्न पथ प्रदर्शन गर्नेछ । यसै उद्देश्य अनुरुप अध्ययनकार्य अगाडि बढाइएको थियो ।

## १.५ अध्ययनको महत्व

आजको २१ ओ शताब्दीको शिक्षा वैज्ञानिक व्यावहारिक र सीपमूलक हुनु पर्दछ । यसका निम्ति गुणात्मक शिक्षामा प्रभाव पार्ने तत्व शिक्षक र कक्षाकोठा शिक्षण भएकोले यसको बारेमा अध्ययन अनुसन्धान गरिएको थियो ।

वर्तमान परिवेश विश्वव्यापी रुपमा परिवर्तन हुँदै गइरहेको छ र बढ्दो जनसंख्या र जनस्वास्थ्यलाई प्रभावित पारेको छ । विद्यमान तीव्र जनसंख्या वृद्धिदर विश्वव्यापी रुपमा न्यूनीकरण गरी वातावरण संरक्षणमा सक्दो सहयोग पुऱ्याउन आवश्यक देखिन्छ । मानव जीवनको अत्यन्त चिन्ता र चासोको विषयसँग सम्बन्धित के-कस्तो स्थिति छ भनी पत्ता लगाउन महत्वपूर्ण भूमिका खेल्ने छ ।

सामुदायिक र संस्थागत विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीले के-कस्तो उपलब्धि हासिल गर्न सफल भयो । यस अनुसन्धान कार्यको विस्तृत अध्ययन गरिसकेपछि यससंग सम्बन्धित सरोकार राख्ने व्यक्तिहरुको लागि र यस अनुसन्धानमा त्यसप्रति हुने समस्यालाई हुने समाधानको बाटो पहिचान गर्न र विभिन्न अन्य निकायलाई पनि सहयोग पुऱ्याउने आशा गरिएको छ ।

शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा जि.शि.का.हरुलाई विद्यालयको कक्षाकोठा शिक्षणमा देखिएका समस्याका आधारमा पाठ्यक्रम परिमार्जन गर्न, नीति

नियम बनाउन सामुदायिक र संस्थागत मा.वि.मा समान किसिमको कक्षा शिक्षण गराउन, शिक्षकलाई उपयुक्त किसिमको तालिमको व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन, शैक्षिक सामग्री प्रदान गर्न यस अध्ययनले सहयोग पुऱ्याउँछ । शिक्षकलाई विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी पाठयोजनाको आधारमा आकर्षक शैक्षिक सामग्री प्रयोगबाट प्रभावकारी शिक्षण गर्ने बानी बसाल्न र विद्यार्थीलाई नियमित हुन आकर्षित गर्ने अभिभावकलाई आफ्ना छोरा छोरीलाई नियमित विद्यालय पठाउन, शैक्षिक सामग्रीको व्यवस्था गर्न गराउन र विद्यालयमा शिक्षकले नियमित पठनपाठन गरे नगरेको हेर्न समेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको सीमाङ्कन गरिनु अति आवश्यक हुन आउँछ । निश्चित र निर्धारित सीमा भित्र रही गरिएको अध्ययन अनुसन्धान सटिक व्यावहारिक, रुचिकर हुने गर्दछ । जसले गर्दा निर्धारित उद्देश्य अनुसारका उपलब्धिहरु हासिल गर्न सजिलो हुन्छ । तसर्थ विद्यालयको प्रत्यक्ष क्रियाकलापसँग सम्बन्धित विषयवस्तुमा रहेर अध्ययनकर्तासँग भएको सीमित स्रोत साधनको उपयोग गरी अध्ययनको परिधिलाई सीमा नियन्त्रण गरिएको थियो । आगामी दिनमा उक्त क्षेत्रको निश्चित सीमामा रही अध्ययन गर्दा निर्धारित उद्देश्य पूरा गर्न सहयोग गर्छ । अध्ययनका सीमा निम्न लिखित रहेका थिए ।

- यो अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल गा.वि.स..मा सीमित गरिएको थियो ।
- यो अध्ययनसामुदायिक विद्यालय तर्फ आजाद उ.मा.वि. स्रोत केन्द्रवाट सञ्चालित २ वटा विद्यालयमा सीमित गरिएको थियो ।
- संस्थागत विद्यालय तर्फ पी.भि.सो. द्वारा सञ्चालित २ वटा संस्थागत विद्यालयमा  सीमित गरिएको थियो ।

) यो अध्ययन कक्षा ९को अनिवार्य विषयहरुमा मात्र सीमित गरिएको थियो ।

## १.७ अध्ययन क्षेत्रको परिचय

नेपाल १४ अञ्चल ७५ जिल्लामा विभाजित छ । ५ विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रभित्र पर्ने राजधानीबाट नजिकै रहेको जिल्ला काभ्रेपलाञ्चोक जिल्ला हो । नेपालका विभिन्न प्राकृतिक रमणीय एवं पर्यटकीय स्थलको रुपमा सुपरिचित धुलिखेल यस जिल्लाको सदरमुकाम हो । काठमाडौं शहरदेखि ४३ कि.मि. पूर्वको दूरीमा अवस्थित छ । यस जिल्लामा ८७ गा.वि.सं. ३ नगरपालिका, ३ संसदीय निर्वाचन क्षेत्रको राजनीतिक विभाजन रहेको यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाडौं ललितपुर तथा भक्तपुर जिल्ला पर्दछन् भने उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली तथा मकवानपुर जिल्लाहरु रहेका छन् ।

भौगोलिक रुपबाट हेर्दा ८५°२४" देखि ८५°४९" पूर्व देशान्तर सम्म र २७°२०" देखि २७°८५" उत्तर अक्षांशसम्म फैलिएको यस जिल्लाको क्षेत्रफल १३९६ वर्ग किमी कायम भएको पाइन्छ । समुन्द्री सतहवाट ३०१८ मिटर सम्म उँचाइ रहेको यस जिल्लाको करिब ८० प्रतिशत भाग पहाडी भू-धरातलले ढाकिएको छ । ( शैक्षिक दर्पण, २०६७)

## १.८ शव्दावलीको परिभाषा

प्रवेशिका परीक्षा - माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा
पाठ्यपुस्तक - पाठ्यक्रम विकास केन्द्रले तोकेको पुस्तकहरु
शिक्षक - माध्यमिक विद्यालयमा शिक्षण गर्ने व्यक्ति
समस्या - माध्यमिक विद्यालयका शिक्षकका शैक्षिक समस्या
शिक्षण विधि - ज्ञान सीप धारणा सहज तरिकाले प्रदान गर्ने तरिका
शैक्षिक सामग्री - शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने सामग्री
तालिम - माध्यमिक विद्यालयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकका लागि तयार गरिएको कार्यक्रम

सामुदायिक विद्यालय - नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा स्वीकृत प्राप्त विद्यालय

संस्थागत विद्यालय - नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृत विद्यालय

शिक्षण क्रियाकलाप - पठनपाठनलाई सहज वनाउन विद्यार्थी र शिक्षक वीच गरिने अन्तरक्रिया

सिकाइ - विद्यार्थीको व्यवहारमा आएको परिवर्तन ।

तुलना - दुई वटा विषयमा गरिएको लेखाजोखा ।

अध्ययन - कुनै विषयवस्तुमा गहिरिएर हेर्ने काम ।

शिक्षकको पृष्ठभूमी - शिक्षकको पृष्ठभूमी अर्न्तगत शिक्षकको शैक्षिक योग्यता, तालिम, कार्याअनुभव, उमेर, लिङ्ग, जात र धर्मको अवस्था ।

कक्षाकोठा व्यवस्थापन - कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकुल वातावरण निर्माण गर्नु ।

# परिच्छेद-दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकन गर्नु भनेको अध्ययन अनुसन्धानलाई प्रभावकारी, वैज्ञानिक, यथार्थपरक र व्यावहारिक बनाउनु हो । अनुसन्धान नयाँ फरक प्रकारको होस् भन्नाको खातिर साहित्यको पुनरावलोकन गरिन्छ । यस्तै गरी अनुसन्धान विधिलाई सुधार गर्न समस्यालाई स्पष्ट पार्ने, अनुसन्धानकर्ताका सम्बन्धित विषयको ज्ञानको क्षेत्र विस्तार गर्नको लागि समेत साहित्यको पुनरावलोकनले मद्दत गर्दछ ।

यस परिच्छेदमा सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र समीक्षा गरिएको थियो ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

समय परिवर्तनशील छ । नवीवन ज्ञान, सीप तथा प्रविधिको निरन्तर विकास हुँदै गएको छ । नयाँ ज्ञान तथा सीपको कारण व्यक्ति पनि बदलिँदो परिस्थिति अनुसार परिवर्तन हुँदै जानु पर्दछ । यसका लागि व्यक्तिले पहिला अरु कसैले तयार पारेको साहित्य अध्ययन गरी सम्बन्धित विषयमा पहिला भएको खोजको मूल्याङ्कन गरी संक्षेपीकरण गरिनु पर्दछ । शिक्षामा पनि समय अनुसार ज्ञानको क्षेत्र विस्तार हुँदै गएका छन् शिक्षाले समय अनुसार आफ्नो स्वरुपमा परिवर्तन ल्याएको छ । औपचारिक रुपमा लिइएको शिक्षालाई मात्र शिक्षा नभनी जुनसुकै तरिकावाट लिइएको शिक्षा भए पनि मानव जीवनको लागि उपयोगी छ भने त्यसलाई पनि शिक्षाकै रुपमा लिनु पर्ने चिन्तन अगाडि आए मूलतः दोस्रो विश्वयुद्ध पछि शिक्षामा आधुनिक चिन्तनहरु विकसित भएको पाइन्छ । विज्ञान र प्रविधिको विकासवाट वञ्चित सबैका लागि सामाजिक न्यायको आधारमा समान अवसर दिनुपर्ने मान्यता आउन थाल्यो । कक्षाकोठामा अध्ययन गर्नका लागि आएका बालबालिकालाई सही तवरले गुणस्तरीय शिक्षा प्रदान गरिने क्रियाकलाप सामुदायिक र संस्थागत दुवै विद्यालयमा विद्यार्थीको इच्छा, चाहना, आवश्यकता, सामाजिक वातावरण, शिक्षाको

राष्ट्रिय उद्देश्य, कक्षाको उद्देश्य, समय, परिस्थिति अनुकुल हुने गरी सञ्चालन गर्नु पर्दछ । यसरी विद्यालयमा अध्ययन गर्न आउने बालकको हित हुने गरी शिक्षकको योग्यता क्षमतको आधारमा सञ्चालन हुने र एक मानवले पूरा गरेको ज्ञान अर्को मानवलाई सत्मार्ग हुने भएकोले सन् १९६० पश्चात् शिक्षामा पूर्णतया मानवतावादी वैज्ञानीक तथा आधुनिक चिन्तनको शुरुवात भयो अहिलेको २१ औ शताब्दीका लागि युनेस्कोले आधुनिक चिन्तनका रुपमा सिकाइलाई चार स्तम्भको रुपमा जोड दिएको छ । ती स्तम्भहरु निम्न लिखित रहेको छन् । (१) जान्नका लागि सिकाइ, (२) गर्नका लागि सिकाइ (३) हुनको लागि सिकाइ (४) वस्नको लागि सिकाइको रुपमा लिएको छ ।

शिक्षा वास्तविक अर्थमा मानवको व्यवहारमा परिवर्तन ल्याउन सक्ने किसिमको हुनु पर्दछ । शिक्षा वास्तविक व्यावहारिक, सीपमूलक, व्यावसायिक, र रोजगारमूलक तथा उपयोगी हुनुपर्दछ । यस प्रकार प्रथमिक तह देखिनै गुणस्तरीय शिक्षा प्रदान गर्न सके मा.वि., उ.मा.वि. तथा उच्च शिक्षा पनि व्यावहारिक र गुणस्तरीय बनाउन सकिन्छ ।

यस अध्ययनको शीर्षक सामुदायिक र संस्थागत विद्यालयको शिक्षण क्रियाकलापको तुलनातमक अध्ययन भएकोले यस अध्ययनको लागि प्रभावकारी बनाउन शोध शीर्षक संग सम्बन्धी उपलब्ध भएका साहित्यको अध्ययन गरिएको छ ।

त्यसैगरी Aggrawal सन् १९९९ ले शैक्षिक प्रविधि भन्ने पुस्तक मार्फत शिक्षण सिकाइमा कक्षाकोठाको सञ्चार ज्यादै महत्वपूर्ण हुन्छ । यो शिक्षक र विद्यार्थीद्वारा संगै काम गरिने प्रमुख माध्यमको रुप हो, शिक्षक र विद्यार्थी बीचमा छलफल र वहस भएमा शिक्षण प्रभावकारी हुने वताएका छन् ।

Aggrawal सन् १९९९ का अनुसार सिकाइको लागि प्रयाप्त क्रियाकलापहरु र अनुभहरु जुटाउन आफ्नो प्रयासले विद्यार्थीलाई सिक्न सक्षम तुल्याउन विद्यार्थीहरुलाई सिक्नको लागि प्रेरित गर्नु, समन्वय गर्नु, विद्यार्थी केन्द्रित सिक्षण गर्नु, विद्यर्थीलाई सहानुभुति प्रदान गर्नु, दयालु प्रजातान्त्रिक मानवतावादी

सूचनाको सही प्रवाह गर्नु, वातावरणसित समायोजित गर्नु, विद्यार्थीहरुको संवेगात्मक स्थिरताको नेतृत्व प्रदान गर्नु, निदानात्मक र उपचारात्मक प्रक्रिया अपनाई विद्यार्थीलाई दक्ष, योग्य, अनुशासित तुल्याउनु असल शिक्षणको रुपमा परिभाषित गरेका छन् ।

शर्मा एण्ड शर्मा, २०५३ का अनुसार बालकको आफ्नो क्षमता, दक्षता विकास गरी उसले चाहे जस्तो सरल तरिकावाट ज्ञान, सीप प्रदान गर्नु शिक्षाको दायित्व हो । बालकको विकास क्रम अनुसार वौद्धिक अभ्यास गराउनु, शिक्षण हो र शिक्षण बालक र वातावरण बीचको अन्तर हो । शिक्षण पेशा हो जुन विशिष्ट अध्ययन र तालिममा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु, निश्चित शुल्क र चेतनाको आधारमा अरुलाई सल्लाह प्रदान गर्नु हो ।

शर्मा एण्ड शर्मा, २०६३ ले शिक्षण विधि भन्ने पुस्तकमार्फत शिक्षण कौशलमा शिक्षण व्यावहारिक र उद्देश्यमूलक बनाउन आधारभूत तत्व समावेश भएको हुन्छ । यो एउटा सूक्ष्म सिकाइको दृष्टिकोण हो । यो नियमको आधारमा प्रयोग हुँदै आएको हुन्छ । यसले शिक्षणलाई कलाको रुपमा स्विकार गर्दछ । त्यसैले शिक्षण सिकाइको एक वृहत दृष्टिकोण हो । अवस्था हेरी आवश्यकता अनुसार पुरस्कार र दण्ड नीति अपनाएमा सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

श्रेष्ठ (२०६०) ले शिक्षक शिक्षा भन्ने पुस्तकमा माध्यामिक विद्यालयमा विद्यालय भवन छन् कक्षाकोठा छन्, फर्निचर र शैक्षिक सामग्रीहरु सवै छन्, योग्यता पुगेका शिक्षक छन् तर उपलब्धिमूलक सिकाइ गर्न कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भएन, शिक्षण ज्ञानको अभावमा जीवन्त शिक्षक विद्यार्थी सहभागिता मुलक शिक्षणनै हुन नसकेकोले विद्यार्थीले माथिल्लो स्तरको ज्ञान र सीप सिक्न नसकेकोले शैक्षिक गुणस्तर कम रहेको उल्लेख गरेका छन् ।

सेरिड २०६४ विकासको लागि शिक्षा भन्ने पुस्तकमा हाडा भुपेन्द्रले शैक्षिक सामग्रीको प्रचुर मात्रामा प्रदर्शन र प्रयोगवाट नै बालबालिकाहरुको दिमागलाई आकृष्ट गर्दै उनीहरुको ध्यान सिकाइ तिर मोडल शिक्षक सफल हुन्छ, कक्षा

कोठाको व्यवस्थापन, आवश्यक वातावरण, समुचित पाठ्यपुस्तक र पाठ्यसामग्री तथा सुपरिवेक्षकको प्रभावकारीताले शिक्षण सिकाइ प्रभावकारी र फलदायी हुन्छ भनी उल्लेख गरेका छन् ।

## २.२ पूर्व अध्ययनको पुनरावलोकन

राना मगर (२०६१) ले संस्थागत र सार्वजनिक विद्यालयबीच प्रवेशिका परीक्षा परिणाम भिन्नता देखिनाका कारणहरु एक अध्ययन भन्ने शोधपत्रमा उल्लेख गरेका छन् । उक्त सोधपत्रमा सम्भावना नमुना छनोट बिधि, उद्देश्यात्मक नमुना छनोट बिधि, छलफल विधि, प्रश्नोत्तर विधि आदि माध्यमबाट सुचना संकलन गरिएको छ । हाम्रो देशको सन्दर्भमा वि.सं. १९९० मा स्थापना भएको दरबार स्कुलनै नेपालको पहिलो सार्वजनिक विद्यालय थियो भने वि.सं. १९९६ असोज २४ गतेदेखि सञ्चालित गौर प्राइभेट स्कुल नै संस्थागत तर्फको पहिलो स्कुल थियो । सो शोधपत्रमा संस्थागत र सार्वजनिक विद्यालय बीच तुलनात्मक अध्ययन गरी संस्थागत विद्यालयको प्रशासन र व्यवस्थापन प्रभावकारी भएको कारण संस्थागत विद्यालयको प्रवेशिका परिणाम उच्च रहेको कुरा उल्लेख गरेका छन् ।

न्यौपाने (२०६४) ले तालिम प्राप्त र अप्राप्त शिक्षकको कक्षाकोठा व्यवहार एक अध्ययन भन्ने उक्त सोधपत्रमा नमुना छनोट विधि, प्रशनोत्तर बिधि, उद्देश्यात्मक नमुना छनोट बिधि आदिबाट सूचना संकलन गरिएको छ । तालिम भनेको शिक्षण सिकाइलाई प्रभावकारी बनाउने एक असक्तत माध्यम भएकोले कुनै पनि विद्यालयमा शिक्षण गर्न चाहने व्यक्तिलाई शिक्षण सम्बन्धी तालिम अनिवार्य हुन्छ । तालिम बिना शिक्षकले शिक्षण गर्दा शिक्षण सिकाइ प्रभावकारी र उद्देश्यमूलक नहुने कुरा उल्लेख गरेका छन् । तसर्थ प्रभावकारी शिक्षण सिकाइको लागि तालिम महत्वपूर्ण हुने कुरामा जोड दिएको पाइन्छ ।

जोशी अग्नीराज, (२०६६) ले तालिम प्राप्त प्राथमिक शिक्षकको कक्षा शिक्षणको अवस्था तालिम अप्राप्त शिक्षकको तुलनामा राम्रो रहेको निश्कर्ष निकालेको पाइयो ।

सुवेदी (२०६२) ले उच्च र निम्न नतिजा रहेका सामुदायिक माध्यामिक विद्यालयको शैक्षिक अवस्था एक अध्ययन भन्ने उक्त सोध पत्रमा सम्भावना नमुना छनोट बिधि, उद्देश्यात्मक विधि, छलफल विधि, प्रश्नोत्तर विधिको आधारमा सूचना सङ्कलन गरिएको छ । न्यून नतिजा रहेका विद्यालयमा उपयुक्त शैक्षणिक वातावरण निर्माण हुन नसकेको, विद्यालयको कक्षा शिक्षण पुरा समय नगर्नु, शैक्षिक सामग्रीको अभाव र विद्यर्थीको शैक्षिक स्तरमा ठूलो असमानता रहेको तर उच्च नतिजा रहेको विद्यालयमा नियमित मासिक वैठक वसी पठनपाठन भैरहेको, प्रगति तथा समस्यावारे छलफल तथा समाधान खोज्ने गरेको, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीमा राम्रो सम्बन्ध रहेको बेलाबेलामा अभिभावकलाई विद्यालयमा बोलाई केटाकेटीको पढाइको बारेमा जानकारी दिने, निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा नतिजाको विष्लेषण र त्यसको सिकाइमा प्रयोग गर्ने गरेको उल्लेख गरेका छन् ।

शिक्षा विभाग (२०६५) Teaching material and classroom observation मा शिक्षकले शैक्षिक सामग्रीको प्रयोग के-कसरी गरिन्छ ? प्रयोग सम्वन्धी ज्ञान छ /छैन ? सामग्रीको स्थिती कस्तो छ ? शैक्षिक सामग्री पर्याप्त मात्रामा छ कि छैन ? शैक्षिक सामग्रीको प्रयोगमा विषयवस्तु अनुसार ठीक ढंगले प्रयोग भएको छ कि छैन भनी गरिएको थियो । त्यसका लागि विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरि १५० वटा विद्यालयहरु छनौट गरी १५० वटा कक्षा अवलोकन गरिएको थियो । जसको प्राप्तिमा धेरैजसो विद्यालयहरुमा शैक्षिक सामग्री उपलव्ध भएको पाइयो तर दुर्गम क्षेत्रका विद्यालयहरुमा भने शैक्षिक सामग्री कमै देखियो । विशेष गरी शैक्षिक सामग्री कमी देखिएका क्षेत्रहरुमा हिमाली क्षेत्र र उच्च पहाडी क्षेत्र रहेका छन् । किनकी ती दुर्गम

विद्यालयहरु सदरमुकामवाट टाढा र यातायातको सुविधावाट पनि टाढा छन् जसले गर्दा शैक्षिक सामग्रीहरु ल्याउन समस्या परेको देखिन्छ ।

शिक्षक शिक्षा (२०६४) मा भोजवहादुर वलयरले शिक्षकको पेशागत अभिवृत्तिमा कार्यगत अनुसन्धानको सहयोग भन्ने शीर्षकमा काभ्रे जिल्लाको मा. वि. विद्यालयमा भ्रमण गर्ने समयमा अनुसन्धान गर्दा सो विद्यालयमा अध्यापन गराउने १५जना शिक्षकहरु मध्ये मा.वि.मा ६ जना शिक्षक रहेको जसमा ३ जना स्थायी , ३ जना अस्थायी भएको उल्लेख गर्नु भएको थियो । सोही ३ जना अस्थायी शिक्षकहरु भर्खरै विश्वविद्यालयवाट उपाधी लिई काम गर्दै आइरहेका थिए । उनीहरु शैक्षिक पेशामा ज्ञान सीपको हिसावले हेर्दा काचै देखिएतापनि विद्यालयका लागि केही गर्छौ भन्ने अर्थको साथ शिक्षण गराएका थिए । सवै शिक्षकहरुको तालिम, योग्यता, विशिष्टिकरण, उमेर,जात जाती , शैक्षिक अनुभव र अध्यापन गराउने विषयमा केहीमा समानता र भिन्नता रहेको थियो । यसवाट विद्यालयको शिक्षक संरचनाले शिक्षणमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारेको कुरा औल्याउनु भएको थियो ।

ढकाल ( २०५७) ले सार्वजनिक विद्यालयमा कक्षा ८ को सामाजिक शिक्षा विषयमा शिक्षण विधि विद्यार्थीको उपलव्धी वीचको सम्वन्ध वारेमा अध्ययन गर्नु भएको थियो । यस विषयमा प्रयोग हुने शिक्षण विधि उपलव्धी स्तरको वारेमा अध्ययन गर्नु भएको थियो ।

उहाँले आफ्नो अध्ययनमा राख्नु भएको उद्देश्यहरुमा कक्षा ८ को सामाजिक शिक्षा विषय शिक्षण गर्दा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरु शिक्षक केन्द्रित , विद्यार्थी केन्द्रित के-कस्ता छन् लेखाजोखा गर्न तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले प्रयोग गरेका शिक्षण विधि वीच भिन्नता छ छैन भनी पत्ता लगाउनु विद्यार्थीको उपलव्धी उकास्न कुन-कुन शिक्षण विधि प्रयोग गर्ने भनी आवश्यक सुझाव दिनुभएको थियो ।


उहाँले आफ्नो अध्ययन प्रक्रियामा विद्यालयको छनौट गर्दा जिल्ला शिक्षा कार्यालय काठमाण्डौ वाट सञ्चालित सार्वजनिक विद्यालयको तथ्याङ्क लिइ ११७ वटा विद्यालय मध्ये १० प्रतिशत अथवा १२ वटा विद्यालयलाई आकस्मिक नमूना छनौट

विधि अपनाइ छनौट गर्नुभएको थियो । त्यसैगरी छनौट गरेको विद्यालयमा सामाजिक शिक्षा अध्यापन गर्ने शिक्षकहरु र विद्यार्थीहरुमध्यवाट प्रत्येक विद्यालयका २० प्रतिशत विद्यार्थीहरु नमूना छनौटमा परेको थिए । अध्ययनका लागि आवश्यक पर्ने स्रोत सामग्री तथा विधिहरु शिक्षकका लागि प्रश्नावली कक्षा अवलोकन फारम विद्यार्थी उपलव्धी मापनका लागि वहु वैकल्पिक प्रश्नहरु खालीठाँउ भर्ने प्रश्न ठीक वेठीक छुट्याउने प्रश्न थिए ।

उहाँले प्राप्तिमा कक्षा ८को सामाजिक शिक्षा विषय २ वर्ष अघिदेखि लागू भए पनि हालसम्म शिक्षक निर्देशिका प्रकाशित नभएकोले सामाजिक विषय शिक्षणमा शिक्षकहरुले उचित विधिको प्रयोग गर्न नसकेको कानुन र व्यवस्थापन विषय लिइ अध्ययन गरेका शिक्षकहरुद्धारा शिक्षण भएको शिक्षकहरुले दैनिक पाठयोजना नवनाइ शिक्षण गरेको वार्षिक कार्ययोजनालाई पाठयोजना भनेको अधिकाशं शिक्षकहरुले शिक्षणका क्रममा अत्यन्त कम शैक्षिक सामग्री प्रयोग गरेको तालिम प्राप्त र अप्राप्ति शिक्षकहरुको शिक्षणमा उपलव्धी भने समान पाइएको कक्षा कोठामा व्यवस्थापन समान किसिमले भएको तालिम प्राप्त शिक्षकवाट पनि शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधि नै उपयुक्त हुने कुरा उल्लेख गर्नुभएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचावाट सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइ तुलनात्मक अध्ययन गर्न सजिलो हुन्छ । शिक्षण सिकाइलाई विभिन्न तत्वले प्रभाव पारिरहेको हुन्छ । ती तत्वहरुको पहिचहान गर्दै यस अध्ययनको अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।


शिक्षकको पृष्ठभूमी
शिक्षण क्रियाकलाप अवस्था
योग्यता
तालिम
कार्यानुभव
उमेर
लिङ्ग
जात
धर्म
शिक्षण त्रियाकलापको तुलनात्मक अध्ययन
विषयवस्तुको तयारी
कक्षाकोठा व्यवस्थापन
पाठको सुरुवात
शिक्षण विधिको प्रयोग
शिक्षण सामग्रीको प्रयोग
मूल्याङ्कन
गृहकार्य
शिक्षण क्रियाकलापमा भिन्नता हुनुका कारणहरु
शैक्षिक सामग्री
वातावरण
शिक्षक विद्यार्थी अनियमितता
व्यवस्थापन
तालिम
पाठ्यक्रम
शैक्षिक योग्यता

# परिच्छेद-तीन
# अध्ययन विधि

अनुसन्धान कार्यलाई वास्तविक र यथार्थ रुपमा भएका तथ्याङ्कको सङ्कलन गर्न अनुसन्धानकर्ताले विभिन्न तरिका, माध्यम र प्रक्रिया अपनाउनु पर्ने हुन्छ । तिनै तरिका वा माध्यमलाई अध्ययन विधि भनिन्छ । कुनै पनि अनुसन्धान कार्य गर्न विभिन्न विधि तथा उपकरपणवाट सूचना तथा तथ्याङ्क सङ्कलन गर्न मद्दत गर्दछ भने बढी वास्तविकता प्राप्त गर्न सहयोग गर्दछ र यसबाट अनुसन्धान वढी विश्वसनीय हुन्छ र तथ्य वैध हुन्छ । प्रस्तुत सोध पत्रलाई बढी विश्वसनीय तथा तथ्यपूर्ण बनाउन मुख्य रुपमा तथ्याङ्कको स्रोत ,नमूना छनौट तरिका, सामग्री, तथ्याङ्क सङ्कलन कार्य विधिलाई लिइएको थियो ।

## ३.१ अध्ययन ढाँचा

अध्ययन गरिने पद्धति वा तरिकालाई अध्ययन ढाँचाको रुपमा प्रयोग गरिएको थियो । कुनै पनि अध्ययन अनुसन्धान गर्दा निश्चित विधि वा प्रक्रिया अपनाएर गर्ने गरिन्छ । अध्ययन अनुसार विधि र प्रक्रिया आ-आफ्नै किसिमको हुने गर्दछ । अपेक्षित उद्देश्य हासिल गर्नको लागि पूर्व योजना, हुन नितान्त आवश्यक हुन्छ । जसबाट श्रम समय र सामग्रीको उपयुक्त प्रयोगवाट बढी भन्दा वढी उपलब्धी हासिल गर्न सकिन्छ । साथै कार्यको शुरुवात कसरी गर्ने कहिले गर्ने, कसरी कार्य सम्पादन गर्ने, कुन–कुन विधि वा प्रक्रिया अपनाइने, कसरी तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रस्तुतीकरण गर्ने जस्ता कार्यको मार्गदर्शन प्राप्त हुने गर्दछ । यस अध्ययन पनि सामुदायिक र संस्थागत विद्यालयमा हुने शिक्षण सिकाइको तुलनात्मक अध्ययन गरी उक्त क्षेत्रमा भएका फरक पक्षको पहिचान गरी सही क्रियाकलापलाई चयन गर्न आवश्यक मार्गदर्शन प्रदान गरोस् भन्ने हेतुले निम्नानुसारका विधि र प्रक्रिया मार्फत् तथ्याङ्क सङ्कलन प्रशोधन तथा व्याख्या गरिएको थियो । यस अध्ययनमा मुलतः गुणात्मक विधिको प्रयोग गरिने छ । तथ्याङ्कको सङ्कलन र व्यवस्था गर्दा परिणात्मक विधि र  गुणात्मक दुवै विधिको उपयोग गरिने छ ।

यस अध्ययन ढाँचा निम्नानुसार संरचनामा देखाइएको थियो ।

| क.स. | **अध्ययनको उद्देश्यहरु** | **सूचनाको स्रोत** | **साधन** |
|---|---|---|---|
| १. | सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको पृष्ठभूमी सम्वन्धी भिन्नताहरु पहिचान गर्नु । | विद्यालय प्रशासनको प्रधानाध्यापक, विषय शिक्षक, | शिक्षकको व्यक्तिगत विवरण फारम अन्तरवार्ता निर्देशिका |
| २. | सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको शिक्षण क्रियाकलापहरुको भिन्नता पत्ता लगाउनु । | प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी, कक्षा शिक्षण | अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल, कक्षा अवलोकन फारम |
| ३. | सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षकहरुको शिक्षण क्रियाकलापमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु । | वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी | अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल, कक्षा अवलोकन फारम |

'सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षण क्रियाकलापहरुको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन गर्नको लागि विद्यालय प्रशासनको अभिलेख,

दस्तावेज अध्ययन, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक,विषय शिक्षक, विद्यार्थी, आदि विभिन्न स्रोतको माध्यमवाट शिक्षकको व्यक्तिगत विवरण फारम,अन्तरवार्ता निर्देशिका, लक्षित समूह छलफल, कक्षा अवलोकन फारम आदि जस्ता साधनहरुको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो ।

## ३.२ अध्ययनको जनसंख्या

अध्ययनको जनसंख्या भन्नाले अध्ययन कार्यमा सामेल भएका मानिसहरुको संख्या रहनेछ । सामुदायिक र संस्थागत विद्यालयहरु मध्येहरुवाट २ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा ४ वटा माध्यमिक विद्यालय र त्यस विद्यालयको व्यवस्थापन गर्न जिम्मा लिएका विद्यालय व्यवस्थापन समितिका अध्ययक्ष, विद्यालयका प्रधानाध्यापक, अध्यापनरत शिक्षक, विद्यालयको माध्यमिक तहमा अध्ययनरत विद्यार्थी आदिलाई जनसंख्याको रुपमा लिइएको थियो ।

## ३.३ नमूना छनौट

कुनै पनि समस्याको वारेमा अध्ययन गर्दा त्यससँग सम्वन्धित महत्वपूर्ण सूचनालाई सङ्कलन गरी अध्ययन गर्न कठिन हुन्छ । यस अध्ययनका लागि निश्चित नमूना छनौट गरी अध्ययन गरियो । नमूना छनौट अन्तर्गत विभिन्न तत्वको वा अनुसन्धान पक्षको निम्न अनुसार छनौट गरिएको थियो ।

### ३.३.१ क्षेत्र छनौट

यस अध्ययनको लागि मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत वाग्मती अञ्चलमा पर्ने काभ्रे पलाञ्चोक जिल्लाको पाँचखाल न.पा. लाई अध्ययन कर्ताको पायक पर्ने स्थान भएको हुनाले उद्देश्ययात्मक नमूना छनौटको आधारमा क्षेत्र छनौट गरिएको थियो ।

### ३.३.२ स्रोतकेन्द्रको छनौट

स्रोतकेन्द्रको छनौटगर्दा अध्ययनकर्ताको घर नजिक रहेको जसमा कुनै एन.जी.ओ.र आइ.एन.जी.ओ. ले आजसम्म गहन अध्ययन अनुसन्धान नगरेको

संस्थागत विद्यालयहरुमा पाँचखाल भिसो र सामुदायिक विद्यालयहरुमा आजाद उ.मा.वि. स्रोत केन्द्रको रुपमा स्वत नमूना छनोट विधिको माध्यमबाट उक्त दुबै स्रोत केन्द्रमा के कसरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने गरेको छ भन्ने कुरा पत्तालगाउन छनौट गरिएको थियो ।

### ३.३.३ विद्यालयको छनौट

काभ्रेपलाञ्चोक जिल्लाको आजाद उ.मा.वि. सोतकेन्द्रवाट सञ्चालित ५ वटा सामुदायिक मा.वि. विद्यालयहरु सबैको नाम छुट्टाछुट्टै कागजमा लेखी उक्त कागजलाई गोलो बनाएर वाकसमा राखी सवैलाई छ्यासमिस गरी बेसरी हल्लाएर २ वटा सामुदायिक मा.वि.को नाम लेखिएको गोलो झिकेर सामुदायिक विद्यालयको साधारण सम्भावनायुक्त नमुना छनोट विधिको माध्यमबाट छनौट गरियो भने संस्थागत विद्यालय तर्फ पनि पाँचखाल भिसोद्वारा सञ्चालित ५ वटा मा. वि.हरुको नाम छुट्टाछुट्टै कागजको टुक्रामा लेखी छुट्टाछुट्टै गोलो बनाएर एउटा बाकसमा राखी सबैलाई छ्यासमिस गरी बेसरी हल्लाएर २ वटा संस्थागत मा.वि. को नाम लेखिएको गोलो झिकेर संस्थागत विद्यालयको साधारण सम्भावनायुक्त नमुना छनोट विधिको माध्यमबाट दुबै बिद्यालयको शिक्षण क्रियाकलापको तुलनात्मक अध्ययन गर्न विद्यालय छनौट गरिएको थियो ।

### ३.३.४ कक्षा छनौट

सामुदायिक र संस्थागत विद्यालयहरु मध्येहरुवाट छनौटमा परेको माध्यामिक विद्यालयहरुमा अध्ययन अवलोकन गर्न उद्देश्यात्मक विधिको माध्यमबाट विद्यार्थीको क्रियाकलापको अवस्था पत्ता लगाउन कक्षा ९ लाई कक्षा छनौट गरिएको थियो ।

### ३.३.५ विद्यालय व्यवस्थापन समिति अध्यक्ष छनौट

छनौटमा परेको सामुदायिक र संस्थागत मा.वि.हरुवाट उद्देश्यात्मक विधिको माध्यमबाट विद्यालयमा शिक्षण क्रियाकलापलाई अझ सरल सफल रुपमा संचालन गर्न व्यवस्थापन अध्यक्षबाट के-कस्तो पहल भएको छ भनी सामुदायिक मा.वि.बाट

२ जना र संस्थागत मा.वि.बाट २ जना गरी जम्मा ४ जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष छनौट गरिएको थियो ।

### ३.३.६ प्रधानाध्यापक छनौट

छनौटमा परेका २ वटा सामुदायिक मा.वि. र २ वटा संस्थागत मा.वि.का जम्मा ४ जना प्रधानाध्यापकहरुलाई स्वतः छनौट गरिएको थियो ।

### ३.३.७ शिक्षक छनौट

विद्यालयमा पढाइ हुने अनिवार्य विषयहरु ६ वटा हुन्छन् । सामुदायिक विद्यालय तर्फ २ वटा विद्यालय र संस्थागत विद्यालय तर्फ २ वटा विद्यालय गरी जम्मा चारवटा विद्यालय छनौट गरिएको थियो । ती सवै विद्यालयमा अनिवार्य विषय पठनपाठन गर्ने २४ जना शिक्षकहरु छनौट गरिएको थियो ।

### ३.३.८ विद्यार्थी छनौट

नमूना छनौटमा परेका सामुदायिक विद्यालय वाट २ वटा र संस्थागत विद्यालय वाट २ वटा विद्यालय गरी जम्मा ४ वटा विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरु मध्ये गोलाप्रथा विधिवाट सामुदायिक २वटा विद्यालयवाट (१०जना छात्र र १० छात्रा) गरी जम्मा २० जना विद्यार्थीहरु छनौट गरिएको थियो भने संस्थागत २वटा विद्यालयवाट (१०जना छात्र र १० छात्रा) गरी जम्मा २० जना विद्यार्थीहरु छनौट गरिएको थियो । छनौटमा परेका सामुदायिक र संस्थागत सवै विद्यालय वाट जम्मा ४० जना विद्यार्थीहरु छनौट गरिएको थियो ।

### ३.३.९ विषय छनौट

छनौटमा परेको सामुदायिक र संस्थागत माध्यमिक बिद्यालयमा अध्यापन गराइने सवै अनिवार्य विषयहरु छनौट गरिएको थियो ।

## ३.४ साधन निर्माण

सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन गर्न र उक्त छनौटमा परेका विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने क्रममा के -कस्ता समस्या छन् र समाधान गर्न के- कस्ता उपायहरु रहेका छन् र गरिँदै आएका छन् । त्यस सम्बन्धी सूचना सङ्कलन गर्नको लागि विभिन्न सूचना सङ्कलनका साधन प्रयोग गरिएको थियो ।

### ३.४.१ कक्षा अवलोकन

छनौटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा नेपाली, अंग्रेजी गणित, विज्ञान, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको शिक्षकले शिक्षण कसरी गरिरहेका छन् ? शिक्षणगर्दा के– कस्ता समस्या भोगिरहेका छन् ? विद्यालयहरुमा अनिवार्य विषय शिक्षणको समयमा अध्ययनकर्ता स्वयम्  उपस्थित भई कक्षा अवलोकन फारमको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता,  रुची , शिक्षकको प्रस्तुतीकरण , प्रर्दशित व्यवहार  , पाठको शुरुवात, समयको प्रयोग , शिक्षण विधि , शैक्षिक सामग्री अवस्था र प्रयोग , कक्षाकोठाको व्यवस्थापन गृहकार्यको अवस्था विद्यार्थीको शिक्षण प्रतिको प्रतिक्रिया जस्ता पक्षमा सूचना सङ्कलन गर्न कक्षा अवलोकन फारम तयार गरी प्रयोग गरिएको थियो । यसरी अवलोकन गर्दा छनौटमा परेका  विद्यालयमा ६ हप्ता लगाएर सवै अनिवार्य विषयहरुको कक्षा अवलोकन गरिएको थियो ।

### ३.४.२ शिक्षकको व्यक्तिगत विवरण फारम

शिक्षकहरुको योग्यता तालिम कार्यानुभव अध्ययन गरेको विषय, उमेर, लिङ्ग, जात, धर्म आदि पत्तालगाउनको लागि व्यक्तिगत विवरण फारम निर्माण गरी सूचना संकलन गरिएको थियो ।

### ३.४.३ अन्तर्वार्ता

सामुदायिक र संस्थागत विद्यालयमा शिक्षणको तुलनात्मक अध्ययन गर्न विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापकले के-कस्ता योजना वनाउने

गरेका छन् । विधि सामग्री आदिको व्यवस्था कसरी मिलादिने गरेका छन् ?,कक्षा सुपरीवेक्षणको अवस्था कस्तो छ ? आदि विषयमा सूचना संकलन गर्नको लागि अर्न्तवार्ता , प्रश्नावली फारमको निर्माण गरिएको थियो । विषय शिक्षकसंग र छनौटमा परेका व्यक्तिहरुसँग ६ हप्ताको अवधीमा छनौटमा परेका ब्यक्तिहरु सँग १-१ पटक अन्तर्वार्ता गरिएको थियो ।

### ३.४.४ प्र.अ.का लागि अर्न्तवार्ता निर्देशिका

माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण क्रियाकलाप सम्वन्धी विभिन्न प्रकारका जानकारी हासिल गर्न प्र.अ.को लागि अर्न्तवार्ता निर्देशिकाको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.५ शिक्षकको लागि अर्न्तवार्ता निर्देशिका

माध्यमिक तहका सवै अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुले शिक्षण गर्दा कस्ता विधि, कस्ता सामग्री प्रयोग गर्ने गर्दछन् ? विषयवस्तु प्रतिको तयारी कस्तो छ ? कक्षाकोठा व्यवस्थापन, पठयोजनाको निर्माण र प्रयोगको अवस्था कस्तो छ ? शिक्षण क्रियाकलापका क्रममा विद्यार्थीको मूल्याङ्कन कसरी गर्दछन् ?परीक्षा प्रणाली कस्तो छ ? शिक्षणगर्दा प्रयोग गरिएको विधि र सामग्री शिक्षण निर्देशिका अनुसार छन् की छैनन् ? यी सम्पूर्ण विषयमा सूचना सङ्कलन गर्ने विषय शिक्षकको लागि अर्न्तवार्ता निर्देशिका तयार गरिएको थियो ।

### ३.४.६ विद्यार्थीको लागि लक्षित समूह छलफल निर्देशिका

माध्यमिक तहका अनिवार्य विषयहरुको शैक्षणिक अवस्थामा प्रयोग हुने विधि सामग्री शिक्षण गर्दा वनाइएका योजना, मूल्याङ्कन परिपाटी, गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप आदिको वारेमा सूचनाहरु सङ्कलन गर्न विद्यार्थीसँग लक्षित समूह छलफल गर्ने प्रश्नावली फारमको निर्माण गरिएको थियो ।

### ३.४.७ प्रश्नावली

सामुदयिक र संस्थागत विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप तुलनात्मक अध्ययन गर्न छनौटमा परेको विद्यालयका सरोकारवाला व्यतिहरु

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी बीच छुट्टाछुट्टै ढांचाका प्रश्नावली तयार गरिने छ उनीहरु सँग लिखित मौखिक दुई प्रकारको अर्न्तवार्ता लिई आवश्यक्ता अनुसारको तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.५ साधनको वैधता

कुनै पनि अध्ययन अनुसन्धान गर्दा विभिन्न साधनको प्रयोग गरिन्छ । ती साधनहरु वैध र विश्वसनीय हुन अत्यन्त आवश्यक पर्दछ । शोधकार्यलाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि सूचना सङ्कलन गर्न प्रयोग गरिएका साधनहरु अवलोकन, अन्तर्वार्ता, छलफल, प्रश्नावली, तयार गरिसके पछि सहपाठी मित्रहरु बीच छलफल गरी उहाँहरुको सुझाव र सल्लाह मुताबिक पुनः परिमार्जन गरिएको थियो । यसरी निर्माण गरिएको साधनलाई शोध निर्देशक गुरुसंग देखाई उहाँको काटछाँट र राय सल्लाह बमोजिम पुनः निर्माण गरी त्यसलाई अन्तिम स्वरुपमा ढाली वैधता निर्धारण गरिएको थियो ।

### ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनको छनौटमा परेको सामुदायिक विद्यालय अर्न्तगत (श्री सर्वमंगला उच्च मा.वि.र श्री जोरपाटी मा.वि.) संस्थागन विद्यालय अर्न्तगत (श्री गोल्डेन फ्यूचर उ.मा.वि.र नभ प्रतिभा अग्रेजी मा.वि.) मा गएर प्रधानाध्यापकलाई भेटी औपचारिक कुराकानी पश्चात् यस पाठ्यक्रम तथा मुल्याङ्कन विभाग कीर्तिपुरको पत्र पेश गरी कक्षा -९ मा सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण क्रियाकलापहरुको तुलनात्मक अध्ययन गर्नको लागि सम्वन्धित प्रधानाध्यापक सँग सम्पर्क राखी सम्वन्धित सवै व्यक्तिहरुसँग उनीहरुले दिएको उपयुक्त समयमा सूचनाहरु सङ्कलन गरिएको थियो ।

#### ३.६.१ प्राथमिक स्रोत

अध्ययको लागि आवश्यक पर्ने वास्तविक यथार्थ आफ्नो प्रयोजनको लागि सङ्कलन गरिने तथ्याङ्क प्राथमिक तथ्याङ्क हो । यस तथ्याङ्क स्रोतको लागि अवलोकन फारम, अन्तर्वार्ता, प्रश्नावली, छलफल आदि सङ्कलन गरिएको थियो ।

### ३.६.२ सहायका स्रोत

कुनै संघ संस्थाले उपयोगमा ल्याइसकेको तथ्याङ्कलाई द्वितीय तथ्याङ्क भनिन्छ । छनौटमा परेका विद्यालयको उपस्थिति पुस्तिका, समय तालिका, शिक्षक विवरण, रजिष्टर, रिजल्ट सिट, विद्यार्थी तथ्याङ्क फारम अध्ययनसँग सम्बन्धित लेख रचनावाट तथ्याङ्क संङ्कलन गरिएको थियो ।

## ३.७ नैतिकताको मापदण्ड

कुनै पनि अध्ययन अनुसन्धान गर्दा नैतिकताको सबल बुलन्द उठ्ने गर्दछ । शोधकर्तालाई एउटा नैतिक रुपले सबल र सजग हुन नितान्त आवश्यक पर्दछ । त्यसैगरी सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षण क्रियाकलापको तुलनात्मक अध्ययन गर्नका लागि छनौटमा परेका विद्यालयका सरोकारवाला व्यक्तिहरु बीच आवश्यक छलफल, प्रश्नावली, अवलोकन फारम, अन्तर्वार्ता आदिवाट प्राप्त वास्तविक सूचना सम्प्रेषण गर्ने व्यक्तिको नाम, थर, ठेगाना अन्य व्यतित्वमा आँच आउने कुरालाई मध्यनजर  गरी नैतिक मापदण्डको आधारमा खुलस्त हुने सूचनालाई मात्र खुलाई अन्य सूचनालाई गोपनीयता कायम गरिएको थियो ।

# परिच्छेद-चार

## तथ्याङ्कको विश्लेशण र प्रस्तुतीकरण

कुनै पनि अनुसन्धान कार्यको लागि तथ्याङ्क सकंलन गरिसकेपछि ती सूचना वा तथ्याङ्कको विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययनमा कक्षा ९ को अनिवार्य विषयको शिक्षकहरुको पृष्ठभूमि पत्ता लगाने र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने । शिक्षण सिकाइ क्रियाकलापप्रति शिक्षकको धारणा पत्ता लगाउने मुख्य उद्देश्य रहेको छ । यी उद्देश्य पूरा गर्नको लागि छनोटमा परेका काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स. का दुईवटा सामुदायिक विद्यालयका र संस्थागत विद्यालयका चार जना प्रधानाध्यापकसंग अन्तर्वार्ता २४ जना शिक्षकसंग व्यक्तिगत विवरण फारम र अन्तर्वार्ता,दुईवटा विद्यालयका ४० जना विद्यार्थीसंग लक्षित समूह छलफल निर्देशिका, कक्षा अवलोकन र शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाई आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । यसरी प्राप्त प्रतिक्रियालाहरुलाई यस खण्डमा विश्लेषण गरिएको छ ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत विषयगत शिक्षकहरुको पृष्ठभूमी पहिचहान गराउने तालिका तल प्रस्तुत गरेको छु ।

| सामुदायिक विद्यालय | | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | विषय | लिङ्ग | शैक्षिक योग्यता | शिक्षकको उमेर | शिक्षण अनुभव | सेवाको किसिम तह | लिङ्ग | शैक्षिक योग्यता | शिक्षकको उमेर | शिक्षण अनुभव | सेवाको किसिम तह |
| १. | नेपाली | पुरुष | बि.एड. | ३५-३७बर्ष | १२-१७बर्ष | मा.वि.स्थायी | पुरुष | एम.एड. | २५-३०बर्ष | ३-५बर्ष | अस्थायी |
| २. | अग्रेजी | पुरुष | बि.एड. | ४९बर्ष | १२-१८बर्ष | मा.वि.स्थायी | पुरुष | बि.एड. | २४-२५बर्ष | ३-४बर्ष | अस्थायी |
| ३. | गणित | पुरुष | बि.एड. | २७-२८बर्ष | ४-५बर्ष | मा.वि.स्थायी | पुरुष | बि.एड. | २४-२५बर्ष | ५बर्ष | अस्थायी |
| ४. | विज्ञान | पुरुष | बि.एड | २७-४४बर्ष | ३-१७बर्ष | मा.वि.स्थायी-अस्थायी | पुरुष | बि.एड. | २४-२७बर्ष | २-७बर्ष | अस्थायी |
| ५. | सामाजिक | पुरुष | बि.एड. | ४६बर्ष | १२-१७बर्ष | मा.वि.स्थायी | पुरुष | बि.एड. | २८-३०बर्ष | ७-१०बर्ष | अस्थायी |
| ६. | स्वास्थ्य जनसंख्या तथा वातावरण | पुरुष | बि.एड. | ३५-४३बर्ष | २-७बर्ष | अस्थायी | पुरुष | एम.एड. | २७-३०बर्ष | ३-५बर्ष | अस्थायी |

## ४.१ विषय शिक्षकहरुको पृष्ठभूमि पहिचान

विषयगत रुपमा परिपक्व र पेशागत रुपमा दक्ष शिक्षकले नै प्रभावकारी शिक्षणको माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । सृष्टिको विकासको आधार शिक्षा भएको र दक्ष शिक्षकले शिक्षाको विकासको गतिलाई तीव्रत्तर बनाउदै लैजानुका साथै यसलाई अर्थपूर्ण बनाउन प्रमुख भूमिका खेल्ने भएकोले यहाँ कक्षा ९ मा अनिवार्य विषय अध्यापन गर्ने शिक्षकहरुको पृष्ठभूमिका अन्तर्गत अध्यापन गर्ने विषय तह, शैक्षिक योग्यता, विशिष्टिकरण गरेको विषय, तालिम, कार्यानुभव, उमेर, लैङ्गिक अवस्था, धार्मिक अवस्था, जातजाति सम्बन्धी तथ्याङ्क वा सूचना सङ्कलन गर्ने सम्बन्धित विद्यालयका प्रधानाध्यापकसंग अन्तर्वार्ता र  शिक्षकसंग व्यक्तिगत विवरण फारामबाट निम्न सूचना प्राप्त भएका थिए ।

### ४.१.१ नेपाली विषय शिक्षण गर्ने शिक्षहरुको पृष्ठभूमी

सामुदायिक  विद्यालयको कक्षा ९ मा अनिवार्य विषय शिक्षण गर्ने शिक्षक दुवै स्थायी घर जिल्ला वाहिर भएका र ब्राह्माण समुदायका  भएको देखियो । उमेरको हिसावले ३५ वर्ष र ३७ वर्ष पुगेको देखियो । हिन्दू धर्म मान्ने र मात्रृभाषा नेपाली पाइएका दुवैको आवश्यक शैक्षिक योग्यता प्राप्त गरेको देखिन्छ । तालिमको हिसावले दुवै तालिम प्राप्त भएको देखिन्छ । आफूले विशिष्टीकरण गरेको विषयनै शिक्षण गर्ने गरेको देखिन्छ । साथै कार्यानुभव  १७ वर्ष र १२वर्ष प्राप्त गरेको दुवै जना स्थायी दरवन्दीमा रहनु भएको पाइयो ।

संस्थागत विद्यालय तर्फ कक्षा ९ मा अनिवार्य नेपाली विषय शिक्षण गर्ने दुवै शिक्षक स्थानीय भएको ब्राह्माण समुदायका दुवै जना पुरुष  भएको र हिन्दू धर्म मान्दै आएको पाइयो । दुवैको मातृभाषा नेपाली भएको तथा आवश्यक शैक्षिक योग्यता आवश्यता भन्दा माथि भएको तालिम प्राप्त , विशिष्टीकरण गरेको विषयनै शिक्षण गर्ने गरेको देखियो ।

### ४.१.२ अङ्ग्रेजी विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमी

सामुदायिक विद्यालय तर्फ अग्रेजी विषय शिक्षक एक जना स्थानीय र एक जना जिल्ला बाहिरको भएको साथै दुवै जना ब्राह्मण जातिका पुरुष भएको देखियो । उमेरको हिसावमा एक जना ४९वर्षका युवा भएको साथै एउटाको मातृभाषा मैथिली र अर्काको नेपाली नै भएको पाइयो । हिन्दु धर्म मान्दै आएका दुवैको शैक्षिक योग्यता तर्फ न्यूनतम आवश्यक योग्यता पूरा गरेको साथै दुवै तालिम प्राप्त भएको देखिन्छ । आफूले विशिष्टीकरण गरेको कार्यानुभव १८ वर्ष र १२ वर्ष पूरा गरेको पाइयो । दुवै विद्यालयका अङग्रेजी विषयका शिक्षक स्थायी दरबन्दीमा मा.वि. तहमा रहेको पाइयो ।

संस्थागत विद्यालय तर्फ कक्षा ९ मा अङग्रेजी विषय शिक्षण गर्ने एउटा स्थानीय र एउटा जिल्ला बाहिरका र दुवै पुरुष हिन्दु धर्म मान्ने मातृभाषा समान भएको पाइयो । उमेरमा एउटा २६ वर्ष नपुगेको भने अर्को २४ वर्ष युवा भएको पाइयो । दुवै तालिम प्राप्त, आवश्यक योग्यता पुरा गरेका, विशिष्टकरण गरेको विषय नै शिक्षण गर्ने, कार्यानुभव ३ वर्ष भन्दा माथि भएका मा.वि. तहमा रहेका अङग्रेजी विषय शिक्षकहरुमा माध्यामिक तहको लागी आवश्यक पर्ने योग्यता तथा क्षमता रहेको पाइयो ।

### ४.१.३ गणित विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि

सामुदायिक विद्यालय तर्फ गणित विषय शिक्षण गर्ने दुवै शिक्षक जिल्ला बासी भएको साथै क्षेत्री र ब्राह्मण समुदायका दुवै शिक्षक पुरुष भएको पाइयो । उमेर तर्फ हेर्दा एक जना २७ वर्ष र अर्को २८ वर्षका नयाँ पिढीका शिक्षक भएको देखिन्छ भने मातृभाष नेपाली भएको र हिन्दू धर्म मान्दै आएको देखिन्छ । शैक्षिक अवस्थालाई हेर्दा आवश्यक न्यूनतम योग्यता वि.एड. दुवैले गरेको साथै दुवै तालिम प्राप्त भई आफूले विशिष्टीकरण गरेको विषयमा नै हाल शिक्षण गरिरहेको देखिन्छ । शैक्षिक अनुभव एउटाको ४ वर्ष र अर्काको ५ वर्ष भएको पाइयो ।

संस्थागत विद्यालय तर्फ कक्षा ९मा  अनिवार्य गणित विषय शिक्षण गर्ने शिक्षकहरु दुवै जिल्ला वासी भएको साथै क्षेत्री समुदायका पुरुष, नयाँ पुस्ताका, हिन्दु धर्म मान्ने , मातृभाषा नेपाली भएको तथा दुवै जना शिक्षक २४ र २५ बर्ष भएको पाइयो । दुवैले आवश्यक योग्यता स्नातक तह पूरा गरेको , तालिम प्राप्त, विशिष्टीकरण गरेकै विषयमा हाल शिक्षण गरिरहेको पाइयो । कार्यानुभव ५ वर्ष भएको र अर्को शिक्षकको कार्य अनुभव ३ वर्ष भएको पाइयो । दुवै मा.वि. तहका भएकाले यसबाट अनिवार्य गणित विषय शिक्षकहरुमा माध्यमिक तहको लागि आवश्यक पर्ने योग्यता तथा क्षमता रहेको देखियो ।

### ४.१.४ विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

कक्षा ९ अनिवार्य विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुमा सामुदायिक विद्यालयमा शिक्षण गर्ने २ जना र संस्थागत विद्यालयमा शिक्षण गर्ने २ जना गरी चारै जना क्षेत्री समुदायका र स्थायी घर काभ्रे पलाञ्चोक जिल्ला भित्र भएको देखियो । सामुदायिक विद्यालय तर्फ जोरपाटी मा.वि.का शिक्षकको ३वर्ष र सर्वमंगला उ.मा.वि.का शिक्षकको १७ वर्ष कार्यानुभाव प्राप्त दुवै शिक्षक पुरुष भएको र उमेरको हिसाबले एक जना २७ वर्ष र अर्को ४४वर्ष पुगेको देखियो । दुवैको मातृभाषा नेपाली भएको र हिन्दू धर्म मान्दै आएका एक जना  तालिम अप्राप्त र अर्को तालिका प्राप्त भएको देखियो । शैक्षिक योग्यता  दुवैले आवश्यक न्यूनतम स्नातक तह उत्तीर्ण गरेको पाइयो भने दुवै शिक्षकले विशिष्टीकरण गरेको विषय विज्ञान भएको र हाल अध्यापन  गराउने विषय पनि विज्ञान नै भएको पइयो । एक जना अस्थायी र अर्को स्थायी दरबन्दीमा कार्यरत रहेको पाइयो ।

संस्थागत विद्यालय तर्फ कक्षा ९ मा अनिवार्य विज्ञान शिक्षण गर्ने शिक्षकहरु दुवै स्थानीय क्षेत्री समाजका तथा मात्रभाषा नेपाली भएको र हिन्दू धर्म मान्दै आएको  पाइयो । दुवै पुरुष भएको र आवश्यक शैक्षिक योग्यता पूरा गरेको पाइयो । आफूले विशिष्टीकरण गरेको विषय र शिक्षण गर्ने विषय एउटै भएको पाइयो । २७ र २४ वर्ष का दुई शिक्षकको कार्यानुभव २ वर्ष र ७ वर्ष भएको

पाइयो । दुवै शिक्षकामा माध्यमिक तहमा आवश्यक पर्ने योग्यता तथा क्षमता भएको पाइयो ।

### ४.१.५ सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमी

सामुदायिक विद्यालय अन्तर्गत श्री सर्वमंगला उच्च माध्यमिक विद्यालय र श्री जोरपाटी माध्यमिक विद्यालयको कक्षा-९ मा सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकहरुको काभ्रेपलाञ्चोक जिल्लाका स्थायी बासिन्दा भएका साथै दुवै क्षेत्री समुदायका पुरुष भएको देखिन्छ । उमेरतर्फ हेर्दा देवैले ४५ वर्ष काटिसकेको देखिन्छ भने मातृभाषा दुवैको नेपाली भएको पाइन्छ । आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा गरेका दुवैले हिन्दू धर्म मान्दै आएको र दुवै तालिम प्राप्त भएको देखिन्छ । आफूले अध्ययन गरेको विषय सामाजिक एक जनाले सामाजिक नै अध्यापन गर्ने गरेको रअर्काले जनसंख्या अध्यापन गरी हाल सामाजिक विषयको शिक्षण गरिरहेको पाइयो शिक्षण अनुभवलाई हेर्दा दुवैको लामो शिक्षण अनुभव समेटिएको देखिन्छ भने मा .वि. तहमा दुवै स्थायी दरवन्दीमा रहेको पाइयो ।

संस्थागत विद्यालय अन्तर्गत श्री गोल्डेन फ्यूचर उच्च माध्यमिक विद्यालय र श्री नव प्रतिभा अग्रेजी माध्यमिक विद्यालयको कक्षा ९ मा सामाजिक अध्ययन शिक्षणगर्ने शिक्षकहरुको काभ्रेपलाञ्चोक जिल्लाका स्थायी बासिन्दा भएका साथै दुवै क्षेत्री समुदायका पुरुष भएको देखिन्छ । उमेरतर्फ हेर्दा एकजनाले २९ वर्ष र अर्कोले २७ वर्ष काटिसकेको देखिन्छ भने मातृभाषा दुवैको नेपाली भएको पाइन्छ । आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा गरेका दुवैले हिन्दू धर्म मान्दै आएको र दुवै तालिम अप्राप्त भएको देखिन्छ । आफूले अध्ययन गरेको विषय सामाजिक नै दुवै जनाले शिक्षण गरिरहेको पाइयो शिक्षण अनुभवलाई हेर्दा दुवैको लामो शिक्षण अनुभव समेटिएको देखिन्छ ।

### ४.१.६ स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा शिक्षण गर्ने शिक्षहरुको पृष्ठभूमी

सामुदायिक विद्यालय अन्तर्गत श्री सर्वमंगला उच्च माध्यमिक विद्यालय र श्री जोरपाटी माध्यमिक विद्यालयको कक्षा-९ मा अनिवार्य विषय स्वास्थ्य, जनसंख्या वातावरण शिक्षा शिक्षण गर्ने शिक्षकहरु दुवै जिल्लाका स्थायी वासिन्दा

भएको साथै दुवै क्षेत्री समुदायका पुरुषहरु रहेको देखिन्छ ।दुवै शिक्षकहरुको मातृभाषा नेपाली भएको र हाल हिन्दू धर्म मान्दै आएको देखिन्छ । उमेरको हक ४३र ३५ वर्ष भएको दुवैले आवश्यक न्यूनतम शैक्षिक योग्यता वि.एड्. गरेको पाइयो । दुवै जनाले आफूले विशिष्टिकरण गरेको विषयनै हाल अध्यापन गराउदै आएको देखिन्छ साथै शैक्षिक अस्थायी नियूक्ति भएको देखिन्छ ।

संस्थागत विद्यालय अन्तर्गत श्री गोल्डेन फ्यूचर उच्च माध्यमिक विद्यालय र श्री नव प्रतिभा अग्रेजी माध्यमिक विद्यालयको कक्षा ९ मा अनिवार्य विषय स्वास्थ्य, जनसंख्या वातावरण शिक्षा शिक्षण गर्ने शिक्षकहरु दुवै स्थायी वासिन्दा भएको साथै दुवै क्षेत्री समुदायका पुरुषहरु रहेको देखिन्छ । दुवै शिक्षकहरुको मातृभाषा नेपाली भएको र हाल हिन्दू धर्म मान्दै आएको देखिन्छ । उमेरको हक ३०र २७ वर्ष भएको दुवैले आवश्यक न्यूनतम शैक्षिक योग्यता एम.ए.गरेको पाइयो । एक जनाले अग्रेजीमा विशिष्टीकरण गरेको अर्कोले सोही विषयमानै विशिष्टिकरण गरेको र हाल दुवै जनाले स्वास्थ्य, जनसंख्या वातावरण शिक्षा विषयनै अध्यापन गराउदै आएको देखिन्छ साथै शैक्षिक अस्थायी नियूक्ति भएको देखिन्छ ।

## ४.२ समस्या समाधान गर्ने उपायहरु

सामुदायिक माध्यामिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी वनाइ राम्रो सिकाइ उपलव्धी विद्यार्थीले प्राप्त गर्नको लागि, समस्याहरु समाधान गर्न विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स.अध्यक्ष र विद्यार्थी सँगको अन्तरवार्ता र अवलोकनवाट निम्न उपाए अपनाउनु पर्ने देखिन्छ ।

### ४.२.१. शिक्षाको आधार राम्रो वनाउनु पर्ने

सामुदायिक माध्यामिक विद्यालयको अनिवार्य सवै विषयको शिक्षण गर्न विद्यार्थीलाई पढाएका विषयवस्तु राम्रो सँग वुझाउन तल्लो कक्षा देखिनै ती

विषयमा प्रभावकारी शिक्षण सिकाइ गरी विद्यार्थीको शिक्षाको आधार राम्रो र प्रभावकारी वनाउनु पर्दछ ,तवमात्र विद्यार्थीहरुको सिकाइ उपलव्धी राम्रो वनाउन सकिन्छ ।

## ४.२.२. आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गनुपर्ने

विद्यालय व्यवस्थापन समिति र विद्यालय शिक्षकको शिक्षण सिकाइ प्रभावकारी र सरल वनाउनको लागि आवश्यक र उपयुक्त खालका शैक्षिक सामग्री व्यवस्था गरी प्रभावकारी रुपमा प्रयोग गर्न लगाउनु पर्दछ ।

सामुदायिक माध्यमिक विद्यालयको शिक्षकहरुको अनुसार प्रभावकारी शिक्षण गर्न विद्यालयमा पाठ र विषय अनुसारको उपयुक्त खालको शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्दछ । उपयुक्त खालको शैक्षिक सामग्री प्रयोग गरी शिक्षण सिकाइ गर्न पाए शिक्षण सिकाइ प्रभावकारी हुन्छ छिटो र सरल रुपमा गर्न सकिने थियो ।

## ४.२.३.विद्यार्थीहरुलाई वढी अभ्यास गराउने

सामुदायिक माध्यामिक विद्यालयका विद्यार्थीहरुले वढी मात्रामा पढे लेखेका सिकेका कुरा अभ्यास नगर्दा शिक्षण सिकाइ कमजोर भएको विद्यार्थीहरुलाई वढी भन्दा वढी गृहकार्य र अभ्यास गर्न लगाउनु पर्दछ । अभ्यासले मात्र सिकाइलाई पूर्ण वनाउछ । शिक्षकहरुले दैनिक रुपमा पढाएको विषयवस्तुको गृहकार्य दिने र अभ्यास गर्न लगाउने गर्नु पर्छ । अन्तरवार्ताको क्रममा सामुदायिक माध्यमिक विद्यालयका विषय शिक्षकहरुले विद्यार्थीहरुको नतिजामा सुधार ल्याउन विद्यार्थीहरुले वढी भन्दा वढी मेहनत र अभ्यास गर्नु आवश्यक छ भन्नुभयो ।

सामुदायिक विद्यालयका शिक्षकहरुका अनुसार विद्यार्थीहरुलाई पढ्न दिएको पाठ र पढाएको पाठको राम्रो अभ्यास गर्दैनन् , लेख्न दिएको पाठ र अभ्यास पनि निकै कमले मात्र गर्दछन् । विद्यार्थीहरुलाई पढ्न लेख्न वढी अभ्यास गर्ने वानी

वसाउन सके र दैनिक रुपमा गृहकार्य जाँच र सोध्ने गरेमा शिक्षण सिकाइ प्रभावकारी वनाउन सकिन्छ ।

### ४.२.४. उपयुक्त वातावरणको निर्माण

सामुदायिक माध्यमिक विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न विद्यालयको भवन कक्षाकोठा पक्की र विद्यार्थी संख्या अनुसार उपयुक्त वनाउनु पर्छ । सजिलो खालको पक्की फर्निचरको आवश्यक , विद्यालयको भूँइ भित्ता ढलान र पलास्टर गर्नु पर्छ । कक्षाकोठा भित्र र वाहिर पूर्ण रुपमा अनुशासन कायम गरी होहल्ला गर्न नदिई शिक्षण सिकाइ गर्न वातावरण वनाउनु पर्दछ ।

सामुदायिक विद्यालयका शिक्षकहरुको भनाइ अनुसार विद्यालयको शिक्षण सिकाइ आकर्षक र प्रभावकारी वनाउन विद्यालयको भवन र कक्षाकोठा पक्की, सफा, भूँइ भित्ता ढलान र पलास्टर गरेको हुनुपर्छ । कक्षा भित्र र वाहिरको होहल्ला नियन्त्रण गरी शान्त वातावरणमा शिक्षण सिकाइ गर्ने व्यवस्था हुनुपर्छ ।

### ४.२.५. शिक्षक विद्यार्थीको उपस्थिति नियमित वनाउने

विद्यालयमा नियमित उपस्थित नहुने शिक्षक विद्यार्थीलाई दण्ड जरिवाना लगाउने गर्नु पर्छ । विना सूचना अनुपस्थित हुने शिक्षकको तलव कटाउने व्यवस्था गर्नु पर्छ भने वढी नियमित हुने र राम्रो शिक्षण सिकाइ गर्ने शिक्षक विद्यार्थीलाई उचित पुरस्कार र प्रशंसाको व्यवस्था गरी शिक्षक विद्यार्थीको उपस्थिति वढी नियमित वनाउनु पर्दछ ।

शिक्षक विद्यार्थीको उपस्थिति नियमित वनाउने सम्वन्धमा सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षको भनाई यस्तो थियो । "शिक्षण सिकाइ प्रभावकारी र राम्रो वनाउन नियमित विद्यालयमा उपस्थित नहुने शिक्षकको तलव कट्टी गर्नु पर्दछ भने नियमित नहुने विद्यार्थीलाई पनि विद्यालय नआएको दिनको जरिवाना

लगाउनु पर्छ । यसैगरी वढी नियमित हुने शिक्षक विद्यार्थीलाई उचित पुरस्कारको व्यवस्था गर्नु पर्दछ" ।

उपयुक्त भवन र कक्षाकोठाको व्यवस्था गर्ने सामुदायिक माध्यमिक विद्यालयको भवन कक्षाकोठा पक्की र शिक्षण सिकाइको लागि उपयुक्त वनाउन विद्यालय र जि.शि.का. ले आवश्यक पहल गरी स्थायी भौतिक संरचना निर्माण गर्नको लागि सहयोग गरी व्यवस्था गर्नु पर्ने देखिन्छ । सामुदायिक माध्यमिक विद्यालयका विद्यालय शिक्षकहरुको भनाइ अनुसार "पक्की र सफा भवन र कक्षाकोठा, भूँई भित्ता ढलान र पलास्टर भएको , रङ्गरोगन लगाएको र आर्कषक भएमा विद्यालय विद्यार्थीहरु पढाइ लेखाइ तिर वढी ध्यान दिने भई शिक्षण सिकाइ प्रभावकारी वनाउन सकिन्छ" ।

### ४.२.६ संस्थागत विद्यालयका समस्या र समाधानका उपायहरु

संस्थागत विद्यालयमा सामुदायिक विद्यालयमा जस्तो शिक्षण सिकाइका धेरै समस्याहरु नभएता पनि यी विद्यालयहरुमा पनि केही समस्याहरु रहेको पाइयो । संस्थागत माध्यामिक विद्यालयको अवलोकन, पिन्सिपल, शिक्षक, विद्यार्थी र वि.व्य.स.अध्यक्षसँग गरिएको अर्न्तवार्ता र छलफलवाट संस्थागत विद्यालयमा निम्न समस्याहरु रहेको पाइयो । विद्यालयसँग सरोकार राख्ने व्यक्तिहरुलाई समस्याको आधारमा समाधानका उपायहरु सुझाउन सकिन्छ भन्ने प्रश्न वाट प्राप्त उत्तरको आधारमा समाधानको उपायहरुको वारेमा व्याख्या विश्लेषण गरिएको थियो ।

### ४.२.७ तालिमको अभाव

संस्थागत विद्यालयको शिक्षकहरुलाई सामुदायिक विद्यालयको शिक्षकहरुलाई जस्तो शैक्षिक जनशक्ति विकास केन्द्र र जि.शि.का. वाट प्रदान गरिने सेवाकालिन तालिम , पुर्नतजगी तालिम र शिक्षण सिकाइमा आएका

विभिन्न समस्याहरुको वारेमा हुने मागमा आधारित तालिम पनि संस्थागत विद्यालयका शिक्षकहरुलाई प्रदान गरिदैन ।

### ४.२.८ शैक्षिक सामग्रीको आवश्यक व्यवस्था गर्न

संस्थागत विद्यालयको शिक्षण सिकाइ गर्दा अझ वढी विद्यार्थीहरुलाई सक्रिय पारी शिक्षकले छिटो र प्रभावकारी रुपमा सिकाउन , विद्यार्थीहरुको स्थायी रुपमा सरल तरिकाले सिक्न थप आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ । संस्थागत विद्यालयमा प्रर्याप्त मात्रामा उपयुक्त शैक्षिक सामग्रीको व्यवस्था गर्न विद्यालयले प्रयास गर्न र विभिन्न संघ, संस्था र नेपाल सरकारले समेत आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ । संस्थागत विद्यालयको शिक्षकहरुको भनाइ अनुसार शिक्षण सिकाइ अझ वढी सफल र प्रभावकारी वनाउन विद्यार्थीहरुको सिकाइलाई अझ सरल रुपमा गर्न सवै पाठ र विषयवस्तुलाई उपयुक्त हुने खालको आवश्यक शैक्षिक सामग्री विद्यालय र जि.शि.का. ले व्यवस्था गर्न आवश्यक छ ।

### ४.२.९ आवश्यक तालिमको व्यवस्था गर्नुपर्छ

संस्थागत विद्यालयका शिक्षकहरुलाई पनि शिक्षण सिकाइमा भएका समस्याहरुवारे मागमा आधारित र पुर्नताजगी तालिमको व्यवस्था विद्यालय र जि.शि.का. ले मिलाउनु पर्ने देखिन्छ । शिक्षकहरुले यस्तो तालिमको अवसर पाएमा अझ राम्रो र प्रभावकारी शिक्षण सिकाइ गर्न सक्दछन् । संस्थागत विद्यालयका शिक्षकहरुको भनाई अनुसार शिक्षा शास्त्र विषय नपढेका तालिम अप्राप्त शिक्षकहरुलाई सामुदायिक विद्यालयका शिक्षकलाई जस्तै सेवाकालिन तालिम र

शिक्षण सिकाइमा आएका समस्याहरुवारे छलफल र समाधान गर्न पुर्नताजगी र मागमा आधारित शिक्षक तालिमको व्यवस्था संस्थागत विद्यालयका शिक्षकहरुलाई पनि भएमा यस्तो अवसर पाएमा अझ प्रभावकारी र उपयुक्त तरिकाले शिक्षण सिकाइ गर्न सक्छन् ।

## ४.३ शिक्षण विधि र शिक्षण क्रियाकलाप

निश्चित उद्देश्य प्राप्तिको लागि कक्षाकोठा वा वाहिर शिक्षक विद्यार्थी वीच अन्तरक्रिया नै शिक्षण क्रियाकलाप हो । शिक्षण क्रियाकलापको मुख्य उद्देश्य विद्यार्थीलाई सम्वन्धित विषयवस्तुमा ज्ञान,सीप,अभिवृतिको विकास गराउनु हो । शिक्षण क्रियाकलापलाई सही रुपमा संचालन गर्न उपयुक्त शिक्षण विधि , शैक्षिक सामग्री र विद्यार्थी सक्रियतालाई सहभागी गर्नु पर्दछ ।

### ४.३.१ कक्षा कोठा व्यवस्थापन

कुनै पनि कुरा औपचारिक रुपमा सिक्नको लागि वस्ने ठाँउलाई कक्षा कोठा भनिन्छ । यसको व्यवस्था उपयुक्त किसिमले गरिएको हुनुपर्दछ । कक्षामा शिक्षण क्रियाकलापको लागि राम्रो वातावरण अवस्था सिर्जना गर्नु कक्षाकोठा व्यवस्थापन हो । कक्षा व्यवस्थापन अन्तर्गत कक्षा कोठाको वातावरण ,भौतिक अवस्था विद्यार्थीको वसाइ अवस्था ,शैक्षिक सामग्रीको व्यवस्थापन छात्र, छात्राको समूह व्यवस्थापन जस्ता विभिन्न कार्यहरु पर्दछन् । कुनै पनि कक्षालाई अनुशासित नियन्त्रण गर्नको लागि कक्षाकोठाको व्यवस्थापन उपयुक्त हुन जरुरी छ । तसर्थ अध्ययनमा छनौट परेको विद्यालयका प्र.अ.सँग अन्तवार्ता , शिक्षकहरुसँग अन्तवार्ता, विद्यार्थीसँग लक्षित समूह छलफल ,कक्षा अवलोकन वाट प्राप्त कक्षाकोठा व्यवस्थापनसँग सम्वन्धित जानकारीलाई प्रस्तुत गरिएको छ ।

कक्षाकोठा व्यवस्थापन सम्वन्धमा अध्ययन क्षेत्रका चारवटै विद्यालयका शिक्षकहरुलाई कक्षा व्यवस्थापनमा के कस्तो भूमिका खेल्नु हुन्छ भन्ने प्रश्नमा चारवटै विद्यालयका शिक्षकको प्रतिक्रिया विद्यार्थीहरुको वसाइ कक्षाकोठा सरसफाई तथा शिक्षण सामग्रीको सजावटमा अहम् भूमिका खेल्दै आएको प्रतिक्रिया पाइयो , त्यसैगरी कक्षाकोठामा विद्यार्थीको वसाई व्यवस्थापनको आधार सम्वन्धमा भने चारवटै विद्यालयका शिक्षकको मिल्दो प्रतिक्रिया सानो ठूलो मिलाएर बस्ने थियो । छात्र छात्रालाई छुट्टाछुट्टै लहरमा राख्ने गरेको वताएका थिए ।

त्यसैगरी विद्यार्थीसँग लक्षित समूह छलफलमा तपाईहरुको कक्षा व्यवस्थापनमा के कस्तो कठिनाइहरु महसुस गर्नु भएको छ भन्ने प्रश्नमा छलफल गराउदा अध्ययन क्षेत्रका चारवटा विद्यालयमध्ये सामुदायिक विद्यालयका विद्यार्थीहरुले विद्यालय संचालनको पहिलो दिनमा अगाडि जुन विद्यार्थी जहाँ वस्छ त्यसको त्यही सिट वर्षभरी हुने कुरा वताएका थिए । यसले केही विद्यार्थीहरु असन्तुष्ट भएको पाइयो । सानो अनुसार ठूलो मिलाएर राख्ने व्यस्था नहुँदा सेतोपाटीमा लेखेको कुरा नदेखिने समस्या भएको वताए भने र ढिलो उपस्थित हुने विद्यार्थी पछाडी वस्ने प्रणाली भएको वताए यसले ठूलो अगाडि वस्दा पछाडी वस्नेलाई समस्या भएको प्रतिक्रिया जनाएका थिए । चारवटै विद्यालयका केटाकेटीछुट्टा छुट्टै लहरमा वस्ने कुरा वताएका थिए । संस्थागत विद्यालयमा कक्षा कोठा संख्या अनुसार भए पनि पर्याप्त डेक्स वेन्च नभएको विद्यार्थीको उचाइ अनुसार मिल्दो डेक्स वेन्च नभएको प्रतिक्रिया दिएको पाइयो । अग्लो होचो डेक्स बेन्च भएर आफूलाई वस्न गाह्रो भएको र एउटै वेन्चमा ४/५जना विद्यार्थी वस्ने हुदाँ लेख्नमा समस्या भएको प्रतिक्रिया दिएको पाइयो । त्यस्तै गरेर दैनिक रुपमा कक्षा कोठा सरसफाइ गरिदिने व्यवस्था भएको र श्री जोरपटी मा.वि.मा भने कक्षा रोल नं. अनुसार पालैपालो कक्षा कोठा सरसफाइ विद्यार्थी आफैले मिलेर गर्ने गरेको प्रतिक्रिया पाइयो ।

त्यसैगरी कक्षाकोठा व्यवस्थापनको सम्वन्धमा अध्ययनकर्ता स्वयम उपस्थित भई अवलोकन गर्ने क्रममा कक्षा कोठामा विद्यार्थी वसाइ व्यवस्थापन

सरल रेखीय रुपमा सानो ठूलो छ्यासमिस भएको पाइयो । कक्षामा शैक्षिक सामग्री व्यवस्थापनको सन्दर्भमा कुनै पनि कक्षामा सामग्री व्यवस्थापन नगरेको पाइयो । विद्यार्थीको वसाइ भने शिक्षकले भने झै छात्रछात्रालाई छुट्टाछुट्टै वेन्चमा मिलाएर राखेको देखियो । डेक्स वेन्चको अवस्थाको सन्दर्भमा चारवटै विद्यालयमा विद्यार्थीको उमेर अनुसार भए पनि साना देखि ठूलो मिलाएर राख्ने व्यवस्था नभएको कारण विद्यार्थीलाई समस्या भएको पाइयो । चारवटै विद्यालयमा विद्यार्थीलाई ओहरदोहर गर्ने ठाँउ पर्याप्त भएको साथै सेतो पटीका आकार आवश्यकता अनुसार भई ठीक ठाँउमा राखिएको पाइयो । चारवटै विद्यालयमा डेक्सवेन्च डस्टविन शैक्षिक सामग्रीको व्यवस्थापन नभएको पाइयो । प्रकाश हावा पानी जस्ता पक्षहरुको अवलोकन गर्दा अध्ययन क्षेत्रको चारवटै विद्यालयमा राम्रो व्यवस्था भए पनि श्री गोल्डेन फ्यूचर उच्च मा.वि.मा नजिकै सडक भएको कारण धुवाँ धुलो ,गाडीको हर्नको प्रभाव प्रत्यक्ष रुपमा कक्षाकोठामा परिरहेको पाइयो भने अरु विद्यालय उक्त प्रभाववाट मुक्त रहेको पाइयो । यसरी समग्र पक्षलाई केलाउदा अध्ययन क्षेत्रको चारवटै विद्यालयको कक्षा व्यवस्थापन पक्षलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

### ४.३.२ शिक्षण क्रियाकलाप प्रति प्रधानाध्यापकको प्रतिक्रिया

विद्यालयमा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुने गर्दछ । विद्यालयको अन्य क्षेत्रको विकासमा धेरै हदसम्म प्र.अ.को क्षमता निर्भर रहने कुरालाई नकार्न सकिदैन । प्र.अ. को पदलाई व्यवस्थापक विद्यालय तहको प्रशासक , सक्षम शैक्षिक नेतृत्व प्रदान गर्न दायित्व प्रदान गरिएको हुन्छ । प्र.अ.को शिक्षण सिकाइ क्रियाकलाप सम्वन्धी गतिविधि दैनिक अध्ययन गरी त्यसमा देखिएका समस्यालाई समाधान गर्दे उत्तम पक्षलाई निरन्तरता दिदै आवश्यकता अनुसार शिक्षक विद्यार्थीलाई पृष्ठपोषण प्रदानगर्दे अगाडि वढ्नु पर्दछ । अध्ययनको क्रममा नमूना छनौटमा परेका चारजना विद्यालयका चारजना प्र.अ. लाई अनुसूची २ अनुसार अर्न्तवार्ता गरी प्रतिक्रिया लिईएको थियो । विद्यालय सुचारु रुपमा संचालन गर्न

के- कस्ता योजना निर्माण गर्ने गर्नु भएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका प्र.अ.ले ५ वर्षे विद्यालय सुधार योजना वार्षिक कार्य योजना निर्माण गरी विद्यालय सुधार योजनाको स्वीकृतिमा संचालन गरिने कुरा वताएका थिए । यी योजना निर्माण गर्दा विद्यालय अभिभावक, शिक्षक , विद्यालय व्यवस्थापन समिति आदि सहभागी वनाएर व्यापक छलफल गरी निर्माण गर्ने कुरा वताएका थिए । मा.वि. तहको शिक्षक निर्देशिका जनक शिक्षा सामग्री केन्द्रवाट निर्माण नभएकोले र पुरानोले काम चलाउनु परेको र अन्य शैक्षिक सामग्रीहरु पठ्यसामग्री सन्तोष जनक भएको साथै सामाजिक पाठ्यपुस्तक विकास केन्द्र जनक शिक्षा प्रतिक्रिया दिएका थिए । शिक्षक र विद्यार्थी अनुपात सम्वन्धित प्रश्न गर्दा संस्थागत विद्यालयमा विद्यार्थीको चाप अत्याधिक भएकोले शिक्षक अनुपात कम भएको गुनासो पोखेको थिए । चारवटै विद्यालयका प्र.अ.र शिक्षक सवैले आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा गरेको आवश्यक्ता अनुसार विभिन्न किसिमका तालिम गरेको प्रतिक्रिया दिएका थिए । कक्षा अवलोकनको क्रममा आवश्यक्ता दैनिक पाठयोजना सवै शिक्षकले नवनाउने तर वार्षिक कार्य तालिका अनुसार शिक्षण गर्ने, शिक्षण विधिहरु प्रायः जसो सवैले व्याख्यान, छलफल , समस्या समाधान, प्रश्नोत्तर विधिनै वढी प्रयोग गर्ने गरेको प्रतिक्रिया व्यक्त गरेका थिए । परीक्षा प्रणाली त्रैमासिक , अर्धवार्षिक र वार्षिक भएको भौतिक सुविधा सन्तोषजनक नै भएको प्रतिक्रिया चारवटै विद्यालयका प्र.अ.ले दिएका थिए ।

छात्रवृत्ति सम्वन्धी प्रश्न राख्दा चारवटै विद्यालयमा जेहन्दार , दलित , अपाङ्ग,कमजोर आर्थिक अवस्था भएकालाई व्यवस्था गर्ने गरेको र यस्ता छात्रवृत्ति विद्यालय परिवार र सम्वन्धित निकायले व्यवस्था गर्ने गरेको यस्ता विद्यार्थीको शैक्षिक अवस्था सुधारउन्मुख भएको समान प्रतिक्रिया दिएका थिए । समयमै कोर्ष सकिन्छ सकिदैन भन्ने प्रश्नमा चारवटै विद्यालयका प्र.अ. ले प्रायः जसो सवै सकिने गरेको कहिलेकाही नसकिए कोचिङ कक्षा संचालन गर्ने साथै कोचिङ तथा टिउसनको व्यवस्था भएको जानकारी दिएका थिए । प्रभावकारी शिक्षणको लागि सम्वन्धित निकायवाट तालिम, गोष्ठी, सेमिनारको व्यवस्था गर्नुको साथै समय समयमा निरीक्षण पनि गर्नुपर्ने शिक्षकले पनि त्यसलाई कक्षाकोठामा प्रयोग गरी

शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नुपर्ने विषयवस्तु अनुसार शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोगमा ध्यान दिनुपर्ने प्रतिक्रिया चारवटै विद्यालयका प्र.अ.ले दिएका थिए । वर्तमान अवस्थामा शिक्षण क्रियाकलाप गर्नुपर्ने विषयवस्तु अनुसार शिक्षण विधि शैक्षिक सामग्रीको निर्माण  तथा प्रयोगमा ध्यान दिनुपर्ने  र शिक्षकले पनि त्यसलाई कक्षाकोठामा प्रयोग गरी  चारवटै विद्यालयका प्र.अ.ले दिएका थिए । वर्तमान अवस्थामा शिक्षण क्रियाकलापमा देखिएका समस्या सम्वन्धी प्रश्न राख्दा विद्यार्थीको अत्याधिक चाप भएको र शिक्षक अनुपात कम, विद्यार्थीहरु विद्यालय नियमित नआउनु, अभिभावकले आफ्नो छोराछोरीको पढाइ प्रति ध्यान नदिनु, मुख्य समस्या रहेको कुरा  बताएका थिए  । यी समस्या समाधानको लागि विद्यार्थीको अनुपात अनुसार शिक्षक दरवन्दी व्यवस्था गर्नुपर्ने विद्यार्थीलाई विद्यालय प्रति आकर्षक हुने कार्यक्रम ल्याउनु पर्ने, अभिभावकले आफ्नो छोराछोरीको पढाइ प्रति ध्यान दिनुपर्ने, अभिभावकलाई जनचेतना जगाउने किसिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रतिक्रिया दिएका थिए ।

शिक्षण सिकाइ क्रियाकलाप सम्वन्धी सामान्यता चारवटै विद्यालयका एउटै किसिमका समस्याहरु रहेको पाइयो । शिक्षामा शिक्षक र विद्यार्थी वढी सक्रिय हुनुपर्ने, विषयवस्तु अनुसार शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण गरी प्रयोग गर्नु पर्ने, विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गरी सुधार गर्दे जाने आदि कुरामा शिक्षकले ध्यान दिनुपर्ने प्रतिक्रिया दिएका थिए । त्यसकारण चारवटै विद्यालयका प्र.अ. आफू सधै शिक्षकलाई हरतरहले सहयोग गर्ने तत्पर रहेको र शिक्षण प्रति सधै उत्तरदायी भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.३ नेपाली विषयको शिक्षण क्रियाकलाप

अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुले पाठयोजना  लिखित रुपमा बनाउने कुरा वताए पनि विद्यार्थीहरुलले छलफलमा कहिले पनि नवनाउने प्रतिक्रिया दिएका थिए भने कक्षा अवलालेकनको क्रममा पनि लिखित रुपमा पाठयोजना नवनाएको पाइयो । त्यस्तै कक्षाको शुरुवात चारजनै  शिक्षकले  पूर्व

पाठको स्मरण गराएर रोचक विषयवस्तु वनाएर ध्यानाकर्षण गर्ने कुरा अर्न्तवार्तामा वताएका थिए भने पूर्व पाठको स्मरण कहिलेकाही गराउने कहिले प्रश्न सोध्ने कहिले रोचक प्रशंग भन्ने गरेको वताएका थिए । साथै कक्षा अवलोकनमा भने श्री गोल्डेन फ्यूचर उच्च मा.वि.का शिक्षकहरुले अघिल्लो दिन पढाएको विषयवस्तुमा प्रवेश गरेको पाइयो भने श्री जोरपाटी मा.वि.का शिक्षकहरुले अघिल्ले दिन पढाएको पाठको केही प्रश्नहरु सोधेर कक्षा सुरुवात गर्नु भएको थियो । शिक्षण विधिका सम्वन्धमा विषयवस्तु अनुसार प्रदर्शन, प्रश्नोत्तर, छलफल, अभिनय, व्याख्यान, समस्या समाधान भाषण विधिको प्रयोग गरिने अर्न्तवार्तामा शिक्षकले वताए पनि विद्यार्थी छलफल र कक्षा अवलोकन क्रममा वढी व्याख्यान, छलफल, प्रश्नोत्तर, विधिको प्रयोग भएको पाइयो ।

शिक्षकले अर्न्तवार्तामा विषयवस्तु अनुसार विभिन्न किसिमका शैक्षिक सामग्री शव्द पत्ती वाक्यपत्ती अर्थ पत्ति, चार्ट, तस्वीर, चिठ्ठी , जीवनीका नमूनाहरु प्रयोग गर्ने वताए पनि विद्यार्थीको छलफलवाट दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरेको पाइयो । विद्यार्थी मूल्याङ्कन प्रक्रिया लिखित, मौखिक, प्रयोगात्मक र व्यक्तिगत प्रश्नहरुद्वारा गरिने शिक्षक अर्न्तवार्ता विद्यार्थी छलफल र अवलोकन वाट समान भएको पाइयो । शिक्षकहरुले शिक्षा प्रणाली एकाइ, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक हुने कुरा वताए पनि विद्यार्थीहरुको एकाइ र मासिक परीक्षा नहुने त्रैमासिक अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली मात्र भएको जानकारी दिएका थिए भने वार्षिक कार्यपात्रोको अध्ययन गर्दा पनि त्रैमासिक,अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली भएको पाइयो भने संस्थागत विद्यालयमा वार्षिक कार्यतालिका अनुसारनै भएको देखियो । शिक्षकहरुले पाठको समाप्तीमा साराशं वताएका थिए भने विद्यार्थीहरुको भनाई अनुसार शिक्षकले कहिलेकाही मात्र साराशं वताउने गरेको प्रतिक्रिया दिएका थिए भने अवलोकनकाले क्रममा दुवैले साराशं वताएका थिए । गृहकार्य सधै दिने र हेर्ने पनि गरेको अर्न्तवार्तामा वताए पनि अवलोकनको क्रममा गृहकार्य दिए पनि हेरेको पाईएन साथै विद्यार्थीले पनि आफ्नो गृहकार्य दैनिक जाँच नगरिने जानकारी दिएका थिए ।

यसरी समग्रमा विश्लेषण गर्दा चारवटै विद्यालयका नेपाली विषयका शिक्षकले पाठयोजना नवनाई शिक्षण गर्ने पाठको पुनः स्मरण गराउने व्याख्यान, छलफल, प्रश्नोत्तर, विधि प्रयोग गरिने दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरिने मूल्याङ्कन प्रक्रिया परीक्षा प्रणालीमा समानता गृहकार्य दिए पनि जाँच नगर्ने गरेको देखियो । यसवाट प्रायः सरकारी विद्यालयमा नेपाली विषयको शिक्षा पुरानै शैलीवाट गर्दे आइरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.४ अग्रेजी विषयको शिक्षण क्रियाकलाप

कक्षा ९ मा अग्रेजी शिक्षण गर्ने शिक्षकहरुले पाठयोजना निर्माण सम्वन्धमा श्री नव प्रतिभा अग्रेजी  मा.वि.का शिक्षकले दैनिक वनाउने वताए भने श्री जोरपाटी मा.वि.का शिक्षकले ५वटा विषयको दैनिक लिखित रुपमा पाठयोजना तयार गर्न असम्भव भएकोले शिक्षक निर्देशिका अनुसार शिक्षण गर्ने कुरा वताएका थिए भने विद्यार्थीहरुको छलफलवाट भने शिक्षकले लिखित रुपमा पाठयोजना कहिले तयार नगर्ने कुरा वताएका थिए साथै कक्षा  अवलोकनको क्रममा पनि दुवै शिक्षकले पाठयोजना वनाएको पाइएन । त्यसैगरी कक्षा शिक्षण सुरुवात पूर्व पाठको स्मरण गराउदै नयाँ रोचका समसामयिक घटना,छोटो कथा, चुटकिला,उखान टुक्का, सुनाउदै नयाँ पाठको सुरुवात गर्ने कुरा चारवटै विद्यालयका शिक्षकले अर्न्तवार्तामा वताएका थिए भने विद्यार्थीहरुले कहिलेकाही,उखान टुक्का, समसामयिक घटना,छोटो कथा, चुटकिला सुनाउदै पुनः स्मरण गराउदै नयाँ पाठमा प्रवेश गर्ने कुरा वताएका थिए भने अवलोकनको क्रममा पनि पूर्व पाठको स्मरण गराएको पाइयो ।

शिक्षकले विद्यार्थी केन्द्रित, शिक्षक केन्द्रित विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको कुरा छलफलमा वताए पनि कक्षा अवलोकन र छलफलवाट प्रायः शिक्षक केन्द्रित विधिनै वढी प्रयोग भएको पाइयो । त्यस्तै शैक्षिक सामग्रीको सम्वन्धमा शिक्षकहरुले अर्न्तवार्तामा चित्र , चर्ट, तस्वीर, नक्सा, चार्ट पेपर, फलाटिन वोर्ड,टेप रेकर्ड आदि प्रयोग हुने कुरा वताएका थिए भने विद्यार्थीहरुले कहिलेकाही

टेपरेकर्डको प्रयोग गरिने कुरा वताएका थिए साथै कक्षा अवलोकनमा भने दैनिक प्रयोगका सामग्रीहरु सेतो पाटी ,मार्कर, डस्टर मात्र प्रयोग भएको देखियो । विद्यार्थी मूल्याङ्कन सम्वन्धमा लिखित , मौखिक हुने कुरा शिक्षक विद्यार्थी र कक्षाअवलोकनवाट समान पाइयो ।

शिक्षकहरुले एकाइ, मासिक,त्रैमासिक,अर्धवार्षिक, वार्षिक परीक्षा प्रणाली भएको कुरा वताए पनि विद्यार्थीहरु वार्षिक कार्य तालिकाको अध्ययन गर्दा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा भएको पाइयो ।शिक्षकले पाठको अन्त्य गर्दा नियमित रुपमा पाठको साराशं वताउने गरेको कुरा वताएको सामुदायिक तथा संस्थागत मा.वि.का शिक्षकले साराशं नवताएर नै पाठको समापन गरेका थिए । चारै शिक्षकले नियमित रुपमा गृहकार्य दिने र हेर्ने पनि गरेको वताए पनि सामुदायिम विद्यालयका विद्यार्थीहरुले भने गृहकार्य दिए पनि कहिलेकाही मात्र हेर्ने गरेको प्रतिक्रिया दिएका थिए अवलोकनको क्रममा संस्थागत विद्यालयका शिक्षकले गृहकार्य दिएको पनि हेरेको पाइयो ।

यसरी समग्रमा विश्लेषण गर्दा कक्षा ९अग्रेजी विषयको शिक्षण सिकाइ क्रियाकलापमा छनौट गरिएका चारवटा विद्यालयमा धेरै पक्षहरुमा समानता पाइन्छ । जसवाट अहिले पनि पुरानै शिक्षण विधि दैनिक प्रयोगका सामग्री, लिखित र मौखिक मूल्याङ्कन प्रणाली यथावतनै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.५ गणित विषयको शिक्षण क्रियाकलाप

गणित विषयको एकजना शिक्षकले दैनिक रुपमा पाठयोजना वनाउने गरेको वताए पनि अवलोकनको क्रममा चारै जना शिक्षकले पाठयोजना विना नै शिक्षण गर्ने गरेको पाइयो भने विद्यार्थी छलफलवाट पनि पाठयोजना दैनिक रुपमा नवनाइने जानकारी प्राप्त भएको थियो । त्यस्तै कक्षा शिक्षण सुरुवातको सम्वन्धमा समेत चारै शिक्षकले पूर्व पाठको स्मरण गराउने , विद्यार्थीको ध्यानाकर्षन गर्न विषयसँग सम्वन्धित प्रसङ्ग वताउने , चुट्किला भन्ने वताएको अवलोकनमा चारै शिक्षकले पूर्व पाठको स्मरण गराएको पाइयो भने विद्यार्थीले पूर्व पाठको स्मरण

गराउने साथै रोचक प्रसङ्ग जोड्ने गरेको कुरा वताएका थिए । छलफल, प्रदर्शन, समस्या समाधान आगमन र निगमन जस्ता विधिहरु विषयवस्तुको आवश्यक्ता अनुसार प्रयोग गरिने कुरा अर्न्तवार्तामा वताएका थिए भने विद्यार्थी छलफल, प्रश्नोत्तर, समस्या समाधान , प्रदर्शन जस्ता विधिहरुको प्रयाग गरी शिक्षण गर्ने कुरा वताएका थिए साथै अवलोकनको क्रममा भने समस्या समाधान र छलफल विधिको प्रयोग गरेको देखियो ।

त्यस्तै गरी शैक्षिक सामग्रीको सम्वन्धमा शिक्षकहरुले अर्न्तवार्तामा चित्र, चार्ट, गणित सम्वन्धी सामग्री प्रयोग हुने कुरा वताए पनि अवलोकनका क्रममा भने दैनिक प्रयोगका सामग्रीहरु मात्र प्रयोग गरेको देखियो भने विद्याथीहरुले कहिलेकाही मात्र अन्य सामग्री प्रयोग गर्ने गरेपनि प्रायः दैनिक प्रयोगमा आउने सामग्रीनै प्रयोग हुने कुरा वताएका थिए लिखित र मौखिक प्रश्नहरुद्धारा विद्यार्थीको मूल्याङ्कन गरिने कुरा शिक्षकले अर्न्तवार्तामा वताएका थिए भने यसमा विद्यार्थीहरु पनि सहमत भएको पाइयो । अवलोकनको क्रममा प्रायः लिखित प्रश्न द्धारानै मूल्याङ्कन गर्ने गरेको पाइयो । वार्षिक कार्य तालिका उल्लेख भए अनुसार विद्यालयमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक किसिमको परीक्षा प्रणाली भएको देखियो । यसमा विद्यार्थीहरुको प्रतिक्रिया पनि मिलेको पाइयो भने शिक्षकहरुले त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाका अलावा एकाइ र मासिक परीक्षा पनि हुने गरेको वताएका थिए । पाठको समापन साराशं वताएर गरिने कुरा शिक्षकले वताएका थिए भने विद्यार्थीले समय वचेमा मात्र साराशं वताउने समय नभए नवताउने गरेको प्रतिक्रिया दिएका थिए । अवलोकनको क्रममा भने चारै शिक्षकले साराशं वताएको पाइयो । त्यस्तै गरी गृहकार्यका सम्वन्धमा संस्थागत दुवै शिक्षकले अर्न्तवार्तामा दिने र हेर्ने गरेको पाइयो । त्यस्तै गरी पनि विद्यार्थीहरुले भने दिने तर कहिलेकाही मात्र हेर्ने गरेको वताएका थिए । अवलोकनका क्रममा भने सामुदायिक विद्यालयका शिक्षकले दिएको तर नहेरेको पाइयो भने संस्थागत विद्यालयका शिक्षकले गृहकार्य दिएको र हेरेको पाइयो ।

समग्रमा कक्षा ९को गणित विषयको शिक्षण सिकाइ क्रियाकलापको विश्लेषण गर्दा लिखित रुपमा पाठयोजना निर्माण नगरिकन, ध्यान आकर्षण गर्न

रोचक प्रसंगजोड्ने समस्या समाधान, छलफल, प्रर्दशन विधिको प्रयोग गरिने दैनिक प्रयोगका सामग्रीहरु प्रयोग गरिने, प्रायः मौखिक प्रश्न गरी विद्यार्थी मूल्याङ्कन गरिने परीक्षा प्रणाली त्रैमासिक,अर्धवार्षिक,वार्षिक किसिमको भएको परम्परागत पद्धती अपनाउदै आइरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.६ विज्ञान विषयको शिक्षण क्रियाकलाप

कक्षा-९को अनिवार्य विज्ञान विषयको शिक्षण क्रियाकलापको आवस्था पत्ता लगाउन शिक्षकसँग लक्षित समूह छलफल र कक्षा अवलोकन गरी अनियार्य विज्ञान विषयका चार जना शिक्षकले पाठ योजना नवनाउने गरेको र वार्षिक कार्यतालिकाको आधारमा नै शिक्षण क्रियाकलाप सञ्चालन गर्ने गरेको वताए । कक्षा शिक्षण शुरुवात सम्वन्धमा चारजना शिक्षकले पूर्वपाठको स्मरण गराउने रोचक प्रसंग वताएर  नयाँ पाठ सुरु गर्ने वतए पनि विद्यार्थीहरुले कहिलेकाही मात्र वताउने प्रतिक्रिया दिएका थिए भने कक्षा अवलोकनको क्रममा चारवटै विद्यालयका शिक्षकले पूर्वपाठको स्मरण गराएको पाइयो । त्यसैगरी शिक्षणको क्रममा विषयवस्तु अनुसार प्रयोगात्मक, प्रदर्शन, छलफल ,विद्यार्थी केन्द्रित विधि अन्तर्वातामा शिक्षकले वताए भने विद्यार्थीहरुले प्रायः व्याख्या छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गर्ने प्रतिक्रिया व्यक्त गरेका थिए । भने कक्षा अवलोकनमा पनि व्याख्यान, छलफल, प्रश्नोर विधि नै बढी प्रयोग भएको पाइयो ।

शैक्षिक सामग्री तर्फ पाठ अनुसार चित्र,चार्ट,देखाउने ,प्रयोगशालाका सामग्रीहरु प्रयोग गरिने कुरा वताए भने विद्यार्थीले कहिलेकाही मात्र प्रयोग गर्ने कुरा बताएको थिए साथै कक्षा अवलोकन गर्दा दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी , मार्कर, डस्टर मात्र प्रयोग गरेको पाइयो । विद्यार्थी मुल्याङ्कनको सम्वन्धमा अन्तर्वातामा शिक्षकले लिखित, मौखिक, प्रयोयोगात्मक हुने कुरा बताए पनि विद्यार्थीहरुले छलफलमा प्रयोगात्मक मूल्याङ्कन नहुने लिखित र मौखिक मात्र हुने कुरा वताएका थिए भने कक्षा अवलोकनकनका क्रममा पनि लिखित र मौखिक प्रश्न मात्र गरेको पाइयो । शिक्षकलाई परीक्षा प्रणाली कस्तो छ ? भन्ने सम्वन्धमा

एकाइ, मासिक, त्रैमासिक अर्धवार्षिक हुने कुरा वताएका थिए तर विद्यार्थीहरुले एकाइ र मासिक परीक्षा हुने कुरा वताएका थिए भने वार्षिक कार्ययोजना अध्ययन गर्दा पनि त्रैमासिक अर्धवार्षिक र बार्षिक परीक्षा प्रणाली भएको पाइयो ।

पाठको समाप्ति सम्वन्धमा शिक्षकलाई सोध्दा अन्त्यमा पाठको साराशं गर्ने वताएका थिए भने विद्यार्थीहरुले कहिले पाठको साराशं वताउने कहिले नवताउने गरेको प्रतिक्रिया दिएका थिए । साथै कक्षा अवलोकन गर्दा चार जना शिक्षकहरुले अन्त्यमा पाठको साराशं गरेको देखियो । गृहकार्य सम्वन्धी प्रश्न गर्दा दैनिक रुपमा गृहकार्य दिने र हेर्ने पनि गरेको वताएका थिए भने शिक्षकहरुले छलफलमा श्री सर्वमंगला उच्च माध्यामिक विद्यालयका शिक्षकहरुले गृहकार्य दिने तर कहिले नहेर्ने बताएका थिए भने संस्थागत विद्यालयका शिक्षकहरुले गृहकार्य दिने गरेको र गरेर ल्याएको गृहकार्य लिजर समयमा जाँच्ने,जाचि नसकिएमा घरमा लिएर हेर्ने वताएका थिए भने कक्षा अवलोलकनको क्रममा गृहकार्य दिएको र हेरेको देखियो ।

कक्षा ९को अनिवार्य विज्ञान विषयको शिक्षण सिकाइ क्रियाकलाप विश्लेषण गर्दा लिखित रुपमा पाठ योजना नवनाइकन दैनिक प्रयोगात्मक सामग्रीहरु प्रयोग गरी पूर्व पाठको स्मरण गराउदै व्याख्यान, छलफल, प्रश्नोत्तर, विधिद्धारा गरिने लिखित र मौखिक रुपमा मूल्याङ्कन गरिने परीक्षा प्रणाली कक्षा परीक्षा,एकाइ परीक्षा, मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक भएको गृहकार्य दिने र हेर्ने गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.७ सामाजिक विषयको शिक्षण क्रियाकलाप

सामाजिक शिक्षकले दैनिक पाठयोजनाको वदला शिक्षण डायरी तयार गरी शिक्षण गरिने वताए भने चारवटै मा.वि.का शिक्षकहरुले दैनिक रुपमा पाठयोजना निर्माण गरी शिक्षण गरिने वताएका थिए । विद्यार्थीहरुले कहिलेकाही पाठ योजना निर्माण नगरिने कुरा वताएका थिए । साथै कक्षा अवलोकनमा पनि वताएको पाइएन त्यस्तै गरी कक्षा शिक्षणको सुरुवात सम्वन्धी दुवै शिक्षकको एउटै मत

रहेको पाइयो । दुवैले नयाँ पाठ शुरु गर्नु भन्दा अगाडी पूर्व पाठको स्मरण गराउने रमाइला विषयसँग सम्वन्धी घटना कथा चुटकिला, कविता, गीत आदिले विद्यार्थीको ध्यान आकर्षण गर्ने गरेको वताएका थिए ।

सामुदायिक तथा संस्थागत मा .वि. का शिक्षकले कहिले पूर्वपाठको स्मरण गराउने कहिले सिधै विषय वस्तुमा प्रवेश गर्ने गरेका विद्यार्थीहरुले जनाएका थिए भने गोल्डेन फ्यूचर उच्च मा.वि. का शिक्षकले प्रायः पूर्व पाठको स्मरण गराउने गरेको विद्यार्थीहरुको भनाइ थियो । कक्षा अवलोकनमा भने एकजना शिक्षक सिधै विषय वस्तुमा प्रवेश गरेको पाइयो भने एकजनाले पूर्व पाठको स्मरण गराउदै कक्षा शिक्षण सुरुगरेको पाइयो । व्याख्यान,छलफल,प्रदर्शन,प्रश्नोत्तर,प्रयोगात्मक समस्या समाधान जस्ता विधिको प्रयोग गरिने शिक्षकको प्रतिक्रिया थियो भने कक्षा अवलोकनमा भने प्रायः व्याख्यान, छलफल,प्रदर्शन,प्रश्नोत्तर, विधिको प्रयोग गर्ने कुरा वताएका थिए । विषयवस्तु अनुसार नक्सा,ग्लोव, चार्ट, प्रयोग गरिने कुरामा भने विद्यार्थी र शिक्षकको समान प्रतिक्रिया रहेको पाइयो भने कक्षा अवलोकनको क्रममा भने दैनिक प्रयोगका सामग्रीहरु मात्र प्रयोग गरी शिक्षण गरेको पाइयो । विद्यार्थी मूल्याङ्कन सम्वन्धमा लिखित र मौखिक प्रश्नद्धारा हुने कुरा शिक्षक र विद्यार्थीले समान वताएका थिए । भने कक्षा अवलोकनको क्रममा भने श्री सर्वमंला उच्च मा.वि. का शिक्षकले मौखिक प्रश्नहरु मात्र राखेको पाइयो भने श्री नव प्रतिभा अग्रेजी मा. वि. का शिक्षकले लिखित र मौखिक दुवै प्रश्न राखेको पाइयो । परीक्षा प्रणाली त्रैमासिक, अर्धवार्षिक र वार्षिक अलावा एकाइ मासिक परीक्षा पनि हुने कुरा शिक्षकले वताए पनि वार्षिक कार्यतालिकाको अध्ययन गर्दा एकाइ र मासिक परीक्षा प्रणाली भएको पाइयो । विद्यार्थीहरुवाट पनि एकाइ, मासिक, त्रैमासिक अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली भएको जानकारी दिएका थिए । गोल्डेन फ्यूचर उच्च मा.वि.का विद्यार्थीहरुले प्रत्येक पाठको अन्त्यमा परीक्षा लिएको जानकारी दिएका थिए । त्यसैगरी कक्षाको समापन पाठको साराशं वताएर गरिने कुरा शिक्षकले अर्न्तवार्तामा वताएका थिए र कक्षा अवलोकनको क्रममा पनि साराशं वताएको पाइयो । भने श्री सर्वमंगला उच्च मा.वि.का विद्यार्थीहरुले कहिले साराशं वताउने र कहिले नवताउने गरेको कुरा वताएका

थिए । धेरै विद्यार्थी संख्या भएका कारण गृहकार्य दिए पनि दैनिक जाँच गर्न नसकिने कुरा शिक्षकले वताएका थिए । भने श्री जोरपाटी मा.वि.का शिक्षकले गृहकार्य दिने र जाँच पनि गर्ने गरेको विद्यार्थीहरुसँग छलफल गर्दा शिक्षकले गृहकार्य दिने र नहेर्ने गरेका विद्यार्थीको भनाइ थियो भने श्री गोल्डेन फ्यूचर उच्च मा.वि. श्री नव प्रतिभा अग्रेजी मा.वि.का शिक्षकले दिने र हेर्ने गरेको विद्यार्थीको प्रतिक्रिया थियो । कक्षा अवलोकनको क्रममा गृहकार्य दिएको र हेरेको देखियो ।

समग्रमा मा.वि.तहको सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ क्रियाकलापलाई विश्लेषण गर्दा छनौटमा परेका दुईवटा सामुदायिक विद्यालयमा पुरानै परम्परागत शैलीमा नै शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको र संस्थागत विद्यालयमा नयाँ प्रविधि बाट शिक्षण क्रियाकलाप संचालन भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.८ स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको शिक्षण क्रियाकलाप

स्वा.ज.वा.विषयको शिक्षकले दैनिक रुपमा पाठ योजना वनाउने गरेको प्रतिक्रिया अर्न्तवार्तामा दिए पनि विद्यार्थी वाट र कक्षा अवलोकन गर्दा नवनाएको पाइयो । कक्षा शिक्षण सुरुवातको सम्वन्धमा चारै जना शिक्षकले पूर्व पाठको स्मरण गराउदै विषयवस्तु सँग सम्वन्धित रोचक प्रसंगहरु कथा, कविता, चुटकिला, उखान, जीवन भोगाइका अनुभवहरु सुनाउदै कक्षा सुरुवात गर्ने कुरा अर्न्तवार्तामा वताएका थिए र यो कुरामा विद्यार्थीहरु पनि सहमत भएको पाइयो भने कक्षा अवलोकनको क्रममा पनि दुवै शिक्षकले पूर्व पाठको स्मरण गराएको पाइयो । प्रयोगात्मक छलफल,प्रश्नोत्तर,व्याख्यान, प्रर्दशन ,अवलोकन भ्रमण जस्ता विधिहरुको प्रयोग गरी शिक्षण गरिने कुरा शिक्षकले वताए पनि विद्यार्थीहरुले भने प्रश्नोत्तर, व्याख्यान, छलफल विधिहरु वढी प्रयोग हुने कुरा वताएका थिए र कक्षा अवलोकनको क्रममा भने व्याख्यान र छलफल विधि प्रयोग भएको पाइयो । चार्ट, चित्र पोष्टर, आदिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गरिने शिक्षकले वताए पनि विद्यार्थीहरुले दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी, मार्करु, डस्टर, मात्र

प्रयोग गरिने कुरा वताएका थिए । साथै अवलोकनमा पनि दैनिक प्रयोगका सामग्रीहरु मात्र प्रयोग भएको पाइयो ।

त्यस्तै विद्यार्थी मुल्याङ्कन सम्वन्धमा पनि चारै शिक्षकले लिखित र मौखिक प्रश्नद्धारा गरिने कुरा वताएकोमा विद्यार्थी पनि यस कुरामा सहमत भएको पाइयो भने कक्षा अवलोकनका क्रममा भने मौखिक प्रश्नहरु मात्र गरेको पाइयो । एकाइ,मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा प्रणाली संस्थागत विद्यालयमा भएको कुरा शिक्षकले वताए पनि विद्यार्थीहरुको लागि एकाइ , मासिक अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली अनरुप परीक्षा लिइएको पाइयो । त्यस्तै पाठको समाप्ति चारै शिक्षकले साराशं वताएर गर्ने गरेको वताए पनि विद्यार्थीहरुले भने कहिलेकाही मात्र वताउने गरेको प्रतिक्रिया दिएका थिए भने अवलोकनका क्रममा चारै शिक्षकले दैनिक दिने र जाँच पनि गर्ने गरेको कुरा वताएका थिए । विद्यार्थीले पनि यस कुरालाई सहमति जनाएका थिए । साथै कक्षा अवलोकनको क्रममा पनि दुवै विद्यालयका शिक्षकले प्रश्नहरु दिइएको कापी पनि जाँच गरेको पाइयो ।

यसरी समग्रमा विश्लेषण गर्दा मा.वि.तहको अनिवार्य स्वा.ज.वा.शिक्षा विषयको शिक्षण सिकाइ क्रियाकलाप पाठयोजना विना व्याख्यान छलफल,प्रश्नोत्तर विधिद्धारा दैनिक प्रयोगका सामग्रीको प्रयोग गरी मौखिक प्रश्नहरुद्धारा मूल्याङ्कन गरिदै आएकोले हुँदा विद्यालयमा धेरैजसो पक्षहरु समान भएको निष्कर्ष निकाल्न सकिन्छ । समग्रमा अनिवार्य विषयहरु शिक्षण गर्ने सवै शिक्षकले लिखित रुपमा पाठयोजनाको निर्माण नगरिकन पूर्व पाठको स्मरण गराउदै वढी मात्रामा व्याख्यान, छलफल , प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको साथै शैक्षिक सामग्रीको रुपमा प्राय दैनिक प्रयोगका सामग्रीहरु प्रयोग गरी मौखिक प्रश्नहरुद्धारा विद्यार्थीको मूल्याङ्कन गर्दे पाठको साराशं वताएर आफ्नो इच्छा अनुसार गृहकार्य दिने र चेक गर्ने परम्परागत शैलीवाट शिक्षण गराउदै आएको पाइयो ।

# परिच्छेद-पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

प्रस्तुत अध्ययन काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि. मा संचालित दुईवटा सामुदायिक विद्यालय र दुईवटा संस्थागत विद्यालय गरी जम्मा चारवटा माध्यमिक विद्यालय अन्तर्गत कक्षा९मा अध्ययन गर्ने अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापहरुको तुलनात्मक अध्ययन गर्नमा केन्द्रित रहेको थियो । यस अध्ययनमा छनौटमा परेका चारवटा विद्यालयका प्रधानाध्यापकसँग अन्तर्वार्ता, शिक्षकसँग व्यक्तिगत विवरण फारम अन्तवार्ता प्रश्नावली, कक्षा अवलोकन, लक्षित समूह छलफल गरी शिक्षकको पृष्ठभूमि, शिक्षण सिकाइ क्रियाकलापको अवस्था र शिक्षकको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाइएको थियो । उक्त संकलित सूचनाहरुको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसार प्राप्ति, निष्कर्ष र सुझावहरु निकालिएको छ :

## ५.१ प्राप्ति

यस अध्ययनमा उद्देश्य अनुरुप सूचनाहरु सङ्कलन गरी विश्लेषण र व्याख्या पश्चात् प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शिक्षकको पृष्ठभूमि

- अध्ययनको क्रममा छनौटमा परेका चारवटा विद्यालयका ६ वटा अनिवार्य विषयहरु अध्यापन गराउने २४ जना शिक्षकहरु मध्ये अधिकांश काभ्रे जिल्लाका स्थानीय बासिन्दा भएको पाइयो ।
- अध्ययन गरिएका चारवटा विद्यालयका २४ जना शिक्षकहरु मध्ये ब्राह्मण ५ जना र क्षेत्री १५ जना र अन्य ४ जना भएकोमा सवैको मातृभाषा नेपाली, हिन्दू धर्म मान्ने शिक्षक रहेको पाइयो ।

- शिक्षकहरुको उमेको सन्दर्भमा सामुदायिक विद्यालय तर्फ न्यूनतम ३०वर्ष देखि अधिकतम ५० वर्ष भित्रका रहेका साथै शिक्षक अनुभव तर्फ न्यूनतम ३ वर्षदेखि अधिकतम १९ वर्षसम्म शिक्षण सेवा गरेको पाइयो ।

- शिक्षकहरुको उमेको सन्दर्भमा संस्थागत विद्यालय तर्फ न्यूनतम २५वर्ष देखि अधिकतम ४० वर्ष भित्रका रहेका साथै शिक्षक अनुभव तर्फ न्यूनतम ३ वर्षदेखि अधिकतम १० वर्षसम्म शिक्षण सेवा गरेको पाइयो ।

- अध्ययन गरिएका सामुदायिक विद्यालयका अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुको आवश्यकता न्यूनतम योग्यता स्नातक तह उत्तीर्ण सवैले पूरा विशिष्टिकरण गरेको विषय नै अध्यापन गराउँदै आइरहेको पाइयो ।

- अध्ययन गरिएका संस्थागत विद्यालयका अनिवार्य विषय शिक्षण शिक्षकहरुको आवश्यकता न्यूनतम योग्यता भन्दा वढी योग्यता पूरा गरेको र अधिकांश शिक्षकले आफूले विशिष्टिकरण गरेको विषय नै अध्यापन गराउँदै आइरहेको पाइयो ।

- सामुदायिक विद्यालयमा अनिवार्य विषय अध्यापन गर्ने शिक्षकहरु तालिम प्राप्त भएको प्राय स्थायी रहेको र केही शिक्षकहरु अस्थायी र राहत कोटामा कार्यरत रहेको पाइयो ।

- संस्थागत विद्यालयमा अनिवार्य विषय अध्यापन गर्ने अधिकांश शिक्षकहरु तालिम अप्राप्त र अस्थायी रुपमा कार्यरत रहेको पाइयो ।

**शिक्षण सिकाइ क्रियाकलाप**

- अध्ययन गरिएका सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्वन्धमा प्रकाश, हावाको व्यवस्था, कक्षाको सरसफाइ, विद्यार्थी वसाइको व्यवस्था सेतोपाटी रखाइ र आकार सामान्यतया उपयुक्त नै देखियो । तर कक्षाकोठा सजावट भने उपयुक्त मात्रामा नगरिएको पाइयो ।
- संस्थगत विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्वन्धमा प्रकाश, हावाको व्यवस्था, कक्षाको सरसफाइ, विद्यार्थी वसाइको व्यवस्था सेतोपाटी रखाइ र आकार सामान्यतया उपयुक्तत नै देखियो । कक्षाकोठा सजावट पनि उपयुक्त मात्रामा गरिएको पाइयो ।
- छनौटमा परेका चारवटा माध्यमिक विद्यालय तहका अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुले कक्षा शिक्षण सुरु गर्दा अधिकांशले पूर्वपाठको स्मरण गराउँदै नयाँ पाठको सुरुवात गरी शिक्षण गर्ने गरेको पाइयो ।
- सामुदायिक संस्थागन चारै विद्यालयका प्र.अ.हरुले शिक्षण सिकाइ क्रियाकलाप सम्वन्धमा आफूले समय समयमा कक्षा अवलोकनका साथै विद्यार्थीसँग शिक्षण सम्वन्धी प्रतिक्रिया लिने गरेको पाइयो ।त्यस्तै विषयवस्तु अनुसार शिक्षक विद्यार्थीले शैक्षिक सामग्रीको निर्माण गरी प्रयोग गर्ने र सोही अनुरुपको उपयुक्त शिक्षण विधिको प्रयोग गरी कक्षा शिक्षण गराउनुपर्ने प्रतिक्रिया पाइयो ।
- छनैटमा परेका सामुदायिक विद्यालयमा अनिवार्य विषय शिक्षणको लागि आवश्यक पर्ने विषयवस्तु अनुसार शैक्षिक सामग्री कम भएको साथै पुस्तकालयमा कम्प्युटर ल्याव भए पनि आधुनिक नेट, इन्टरनेट, विज्ञान, प्रयोगशाला, ल्यावको व्यवस्था दुवै विद्यालयमा नभएको पाईयो ।
- छनैटमा परेका संस्थागत विद्यालयमा अनिवार्य विषय शिक्षणको लागि आवश्यक पर्ने विषयवस्तु अनुसार शैक्षिक सामग्री भएको साथै पुस्तकालयमा कम्प्युटर आधुनिक नेट, इन्टरनेट, विज्ञान, प्रयोगशाला, ल्यावको व्यवस्था दुवै विद्यालयमा भएको पाईयो ।

- छनौट गरिएका चारवटै विद्यालयका २४ जना अनिवार्य विषयका शिक्षकहरुले दैनिक रुपमा पाठयोजना निर्माण नगरिकन विद्यालयको वार्षिक कार्ययोजना अनुसार शिक्षण गर्दै आइरहेको पाइयो ।

- अध्ययन गरिएका सामुदायिक विद्यालयका सबै शिक्षकहरुले शैक्षिक सामग्रीको रुपमा दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी वोर्डमार्कर, डस्टर मात्र बढी प्रयोग गर्ने गरेको साथै कहिलेकाही मात्र नक्सा, ग्लोव, चार्ट, सम्बन्धीत विषयका सामग्री प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- अध्ययन गरिएका संस्थागत विद्यालय तर्फ दुई विद्यालयका सबै शिक्षकहरुले शैक्षिक सामग्रीको रुपमा दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी वोर्डमार्कर, डस्टर प्रयोग गर्नुको साथै सम्बन्धित विषयका अन्य सामग्रीहरु प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- सामुदायिक दुई विद्यालयका सवै शिक्षकहरुले प्रायः व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- संस्थागत दुई विद्यालयका सवै शिक्षकहरुले व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको साथै विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- सामुदायिक विद्यालयका अनिवार्य विषयका शिक्षकहरुले शिक्षणको समयका लिखित मौखिक प्रश्नद्वारा मूल्याङ्कन गर्ने गरेको साथै त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली भएको पाइयो ।
- संस्थागत विद्यालयका अनिवार्य विषयका शिक्षकहरुले शिक्षणको समयका लिखित मौखिक प्रश्नद्वारा मूल्याङ्कन गर्नुको साथै एकाइ, कक्षागत, मध्यपरीक्षा, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली भएको पाइयो ।
- सामुदायिक विद्यालयका अनिवार्य विषयका शिक्षकहरुले आफ्नो इच्छा अनुसार गृहकार्य दिने र हेर्ने गर्दै आइरहेको र अधिकांशले कक्षा शिक्षणको समाप्ती गर्दा पाठको सारांश बनाई कक्षा शिक्षणलाई अन्त्य गर्ने गरेको पाइयो ।

) संस्थागत विद्यालयका अनिवार्य विषयका शिक्षकहरुले दैनिक रुपमा गृहकार्य दिने, हेर्ने र सवै शिक्षकहरुले कक्षा शिक्षणको समाप्ती गर्दा पाठको सारांश बनाई कक्षा शिक्षणलाई अन्त्य गर्ने गरेको पाइयो ।

**५.२ निष्कर्ष**

काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स.मा संचालित सामुदायिक विद्यालय तर्फ छानौटमा परेका श्री सर्वमंगला उच्च माध्यमिक विद्यालय र श्री जोरपाटी माध्यमिक विद्यालय रहेका थिए भने संस्थागत विद्यालय तर्फ श्री गोल्डेन फ्यूचर उच्च माध्यमिक विद्यालय र श्री नवप्रतिभा अंग्रेजी माध्यामिक विद्यालय रहेका थिए । उक्त चार वटै विद्यालयहरुवाट कक्षा ९ मा अनिवार्य विषयहरुको शिक्षण क्रियाकलापको तुलनात्मक अध्ययन अनुसन्धानबाट प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्या पश्चात् प्राप्त प्राप्तिका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ ।

माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरु स्थानीय वासी भएका मातृभाषा नेपाली साथै हिन्दू धर्म मान्दै आएका ब्राम्हण र क्षेत्री जातिका अधिकांश शिक्षक पुरुष रहेको पाइयो । सामुदायिक विद्यालय तर्फ शिक्षकहरुको उमेरको अवस्था हेर्दा ३० वर्षदेखि ५० वर्ष उमेर बीचका आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण गरेका साथै विशिष्टिकरण गरेकै विषय शिक्षण गरिरहेको पाइयो । त्यसैगरी सवै शिक्षकहरु तालिम प्राप्त भइ न्यूनतम ३ वर्षदेखि अधिकतम १९ वर्ष शिक्षण अनुभव प्राप्त गरेका अधिकांश स्थायी दरवन्दीमा नियुक्ति भएका र केही अस्थायी र राहत कोटामा रही शिक्षण गर्दै आइरहेको देखिन्छ ।

संस्थागत माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरु स्थानीय वासी भएका मातृभाषा नेपाली साथै हिन्दू धर्म मान्दै आएका ब्राम्हण र क्षेत्री जातिका अधिकांश शिक्षक पुरुष रहेको पाइयो । उमेरको अवस्था हेर्दा २५ वर्षदेखि

४० वर्ष उमेर बीचका अधिकाशं शिक्षकहरुले स्नातकोत्तर  तह उत्तीर्ण गरेका साथै विशिष्टिकरण गरेकै विषय शिक्षण गरिरहेको पाइयो । न्यूनतम ३ वर्षदेखि अधिकतम १० वर्ष शिक्षण अनुभव प्राप्त गरेको देखिन्छ ।

नमूना छनौटमा परेका चारवटा माध्यमिक विद्यालय तहका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुले शैक्षिक योजना निर्माण नगरिकन शिक्षण गर्दै आएका साथै विद्यार्थीको ध्यान आकर्षण गर्ने विषयवस्तुसँग सम्बन्धित घटनाहरु सुनाउँदै पूर्वपाठको स्मरण गराउँदै आजको पाठमा प्रवेश गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा उपलब्ध भएका सामग्री पनि प्राय जसो प्रयोग नगरी दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी, वोर्डमार्कर, डस्टर मात्र प्रयोग गर्ने गरेको, शिक्षकहरुले प्रायः जसो व्याख्यान, छलफल प्रश्नोत्तर, विधिको प्रयोग गरी कक्षा शिक्षण क्रियाकलाप संचालन गर्दै आइरहेको देखियो । लिखित र मौखिक प्रश्नहरुद्वारा विद्यार्थीको मूल्याङ्कन गरिँदै आएको साथै परीक्षा प्रणाली त्रैमासिक अर्धवार्षिक र वार्षिक किसिमको भएको पाइयो । पाठको सारांश बताउँदै, पाठको अन्त्य गर्ने र आफ्नो इच्छा अनुसार गृहकार्य दिने र हेर्ने गरेको पाइयो । श्री सर्वमंगला उच्च माध्यमिक विद्यालय र श्री जोरपाटी माध्यमिक विद्यालयमा कक्षाकोठाको व्यवस्थापनका पक्षहरु सेतोपाटी रखाइ आकार प्रकाश, हावा, फर्निचरको व्यवस्था सामान्यतया उपयुक्त नै देखियो र शिक्षकहरुको कक्षा अवलोकन गरिने प्र.अ.को प्रतिक्रिया थियो ।

संस्थागत विद्यालयमा उपलब्ध भएका दैनिक प्रयोगका सामग्रीहरु सेतोपाटी, वोर्डमार्कर डस्टर  प्रयोग गर्नुको साथै अन्य सामग्रीहरु प्रयोग गर्ने गरेको देखियो, शिक्षकहरुले व्याख्यान, छलफल प्रश्नोत्तर, विधि लगाएत विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी कक्षा शिक्षण क्रियाकलाप संचालन गर्दै आइरहेको देखियो । लिखित र मौखिक प्रश्नहरुद्वारा विद्यार्थीको मूल्याङ्कन गरिँदै आउनुको साथै परीक्षा प्रणाली एकाइ, कक्षा परीक्षा, मध्यपरीक्षा, त्रैमासिक अर्धवार्षिक र वार्षिक किसिमको भएको पाइयो । पाठको सारांश बताउँदै, पाठको अन्त्य गर्ने र दैनिक रुपमा विद्यार्थी वर्गलाइ गृहकार्य दिने र हेर्ने गरेको पाइयो । श्री गोल्डेन फ्यूचर उच्च मा.वि.र श्री नभ प्रतिभा अग्रेजी माध्यमिक विद्यालयमा कक्षाकोठाको

व्यवस्थापनका पक्षहरु सेतोपाटी रखाइ आकार प्रकाश, हावा, फर्निचरको व्यवस्था सामान्यतया उपयुक्त नै देखियो र शिक्षकहरुको कक्षा अवलोकन गर्ने गरेको प्र.अ.को प्रतिक्रिया थियो ।

## ५.३ सुझावहरु

माध्यमिक तहको कक्षा-९को अनिवार्य विषयहरुको शिक्षण क्रियाकलापको तुलनात्मक अध्ययन  शीर्षकमा प्राप्त गरिएको सूचनाहरुको विश्लेषणबाट प्राप्त, निष्कर्षका आधारमा निम्नानुसार सुझाबहरु दिन सकिन्छ ।

- शिक्षण पेशामा संलग्न सवै शिक्षकलाई अनिवार्य रुपमा तालिमको व्यवस्था गनुपर्ने ।
- शिक्षण पेशामा सबै लिङ्ग, जात, धर्मका दक्ष व्यक्तिको समानुपातिक रुपमा शिक्षकको छनोट गरिने व्यवस्था गनुपर्ने  ।
- सामुदायिक र संस्थागत माध्यमिक तहका शिक्षकको न्यूनतम योग्यता शिक्षाशास्त्र संकायबाट सम्वन्धित विषयमा स्नातकोत्तर तह पूरा गरेको हुनुपर्ने व्यवस्था गनुपर्ने  ।
- विद्यालयमा उपयुक्त कक्षाकोठा व्यवस्थापन गर्न आवश्यक पर्ने दराज, कुर्सी, टेवल, डेक्सवेन्च  जस्ता सामग्रीहरुद्वारा कक्षा सजावट सम्वन्धी विद्यालय प्रशासनले गनुपर्ने ।
- प्रत्येक विद्यालयमा सवै विषयहरुको अनिवार्य रुपमा शिक्षक निर्देशिका उपलव्ध गनुपर्ने ।
- धेरै वर्षदेखि शिक्षण गर्दै आएका वा सेवा अवधि पूरा गरेका शिक्षकलाई अवकाश दिइ नयाँ युवा पिंढीलाई मौका दिनुपर्ने, यासरी छनौट गरी शिक्षणप्रति सकारात्मक धारण भएका व्यक्ति छनोट गर्न अभिवृत्ति परीक्षण अनिवार्य गनुपर्ने ।
- शिक्षकलाई समय सुहाउँदो किसिमले तालिम, पुनर्ताजिकरण तालिम, कार्यशाला ,गोष्ठी सेमिनार आदि संचालन गनुपर्ने  ।

- कक्षामा तोकिएको अनुपात भन्दा वढी विद्यार्थी राखेर शिक्षण गर्न नपाउने व्यवस्थालाई कडाइका साथ पालना गनुपर्ने । जसले गर्दा कक्षाकोठाको उपयुक्त व्यवस्थापन गरी सवै किसिमका क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी बनाएर शिक्षण गर्न शिक्षकलाई सजिलो हुन्छ ।
- शिक्षकले तालिममा सिकेका ज्ञान सीप, अनुसार पाठयोजना निर्माण, उपयुक्त किसिमले शिक्षण सिकाइ क्रियाकलाप गरे नगरेको सम्बन्धित पक्षवाट निरन्तर रुपमा अनुगमन गनुपर्ने ।
- प्रत्येक विषयको कक्षा शिक्षणमा विषयवस्तु अनुसार सामग्री प्रत्येक विद्यालयले व्यवस्था गर्नुका साथै शिक्षक र विद्यार्थीले पनि स्थानीय स्तरमा प्राप्त सामाग्री निर्माण गरी शिक्षणमा प्रयोग गर्नुपर्ने ।
- कक्षाकोठामा शिक्षकले प्रवेश गरेपछि विद्यार्थीको ध्यान आकर्षण गर्न शिक्षकले पूर्व पाठको स्मरण गराउँदै नयाँ पाठको सुरुवात गर्नुका साथै समसामायिक घटना, चुट्किला, कथा, गीत, उखान,टुक्का आदिको माध्यमवाट कक्षा शिक्षणको सुरुवात गनुपर्ने ।
- शिक्षण गर्दा व्याख्यान, छलफल, प्रश्नोत्तर विधिमा मात्र आधारित भएर शिक्षण गर्नुको सट्टा विद्यार्थीहरुलाई सक्रिय रुपमा सहभागी वनाउने विधिहरुको छनौट गरी प्रयोग गनुपर्ने ।
- अनिवार्य विषयको सिकाइ क्रियाकलापमा निरन्तर मूल्याङ्कनको साधनहरु कक्षाकार्य, गृहकार्य, मौखिक तथा लिखित प्रश्न दैनिक हाजिरी जस्ता साधनद्वारा मूल्याङ्कन गनुपर्ने ।
- वार्षिक परीक्षा प्रणालीका साथै एकाइ, मासिक, त्रैमासिक परीक्षा प्रणाली हुनुपर्ने ।
- विद्यालयमा अधुनिक प्राविधिकयुक्त सामग्री, कम्प्युटर, नेट, इन्टरनेट, विज्ञान, प्रयोगशाला, ल्याव, अडियो, भिडियो, टेपरेकर्ड जस्ता सामग्रीहरु विद्यालयमा सम्बन्धित निकायले व्यवस्था गर्नुपर्ने ।

- शिक्षकलाई शिक्षण पेशाप्रति उत्प्रेरणा जागृत गराइ राख्न शिक्षकलाई पुरस्कार, वढुवाको व्यवस्था, तलव वृद्धि शिक्षण पेशा, अरु पेशाभन्दा मर्यादित तथा व्यवस्थित गनुपर्ने ।

# सन्दर्भसूची

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौँ : सनलाइट पव्लिकेशन ।

जिल्ला शिक्षा कार्यालय (२०६५), *शैक्षिक गन्तव्य काभ्रे,* बागबजार : जिल्ला शिक्षा कार्यालय कभ्रेपलाञ्चोक, क्वालिटी प्रिन्टिङ सर्भिस ।

जोशी अग्नीराज(२०६६), तालिम प्राप्त प्राथमिक शिक्षकको कक्षा शिक्षण अवस्था

ढकाल, डिल्लीप्रसाद (२०५७), *काठमाण्डौ जिल्लाका सार्वजनिक विद्यालयहरुमा सामाजिक शिक्षा शिक्षण विधि र विद्यार्थी उपलव्धी सम्वन्धी एक अध्ययन* ,स्नातकोत्तर दोस्रो बर्ष, अप्रकाशित शोधपत्र कीर्तिपुरः शिक्षाशास्त्र केन्द्रीय विभाग ।

न्यौपाने, एकराज (२०६२), *तालिम प्राप्त र अप्राप्त शिक्षकको कक्षाकोठा व्यवहार एक तुलनात्मक अध्ययन,* स्नातकोत्तर तह दोस्रो बर्ष अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर : शिक्षशास्त्र केन्द्रीय विभाग ।

नेपाल सरकार (२०६६), *स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा कक्षा ९,* सानोठिमी : जनक शिक्षा प्रा.लि. ।

मल्ल, कोमलवदन र साथीहरु (२०५७), *प्रारम्भिक बालविकासको सिद्धान्त,* काठमाडौँ : डीनको कार्यालय शिक्षाशास्त्र संकाय कीर्तिपुर ।

रानामगर, भद्रबहादुर (२०६१), *संस्थागत र सार्वजनिक विद्यालय बीच प्रवेसिका परीक्षा परिणाम भिन्नता देखिनाका कारणहरु : एक अध्ययन,* स्नातकोत्तर दोस्रो बर्ष, अप्रकाशित शोधपत्र कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* पुतली सडक, काठमाडौ : मकालु बुक्स एण्ड स्टेसनर्श ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एम. के. पब्लिसर्श एण्ड डिष्ट्रिव्युटस ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०५३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम के पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०६३), *शैक्षणिक विधि,* भोटाहिटी, काठमाडौ : एम के पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, दण्डपाणि (२०६५), *अध्यापन अनुमतिपत्र दिग्दर्शन माध्यामिक तह,* काठमाडौँ, नेपाल : प्रज्ञा प्रकाशन प्रा.लि. ।

शिक्षा विभाग (२०६५), *सामाजिक अध्ययन शिक्षणपरक सामग्री* ,माध्यमिक तह, सानोठिमी , भक्तपुर ।

शिक्षा विभाग (२०६३), *सबैको लागि शिक्षा (२००४-२००९),* भक्तपुर, सानोठिमी : मुख्य दस्तावेज ।

शिक्षक शिक्षा (२०६४), *नेपाल सरकार, सानोठिमी, भक्तपुरः शिक्षा मन्त्रालय* , शैक्षिक जनशक्ति विकास केन्द्र ।

सुवेदी रेशम बहादुर(२०६२), *उच्च निम्न नतिजा रहेका सामुदायिक माध्यमिक बिद्यालयको शैक्षिक अवस्था* एक अध्ययन स्नातकोत्तर दोस्रो बर्ष, अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपूर, काठमाण्डौं

सेरिड (२०६४/२०६५), *विकासका निम्ति शिक्षा,* त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं : सेरिड ।

श्रेष्ठ,कुलनरसिंह(२०६३/२०६३) ,*शिक्षामनोविज्ञान,* भोटाहिटी, काठमाडौंः नवीन प्रकाशन ।

## अनुसूची-१

## शिक्षकको व्यक्तिगत विवरण

विद्यालयको नामः

| क.सं. | शिक्षकको नाम | अध्यापन गर्ने विषय | तह | योग्यता | अध्ययन गरेको विषय | तालिम | कार्यानुभव | उमेर | लिङ्ग | जात | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची २

## प्रधनाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : मिति :

प्र.अ.को नाम : शिक्षण अनुभव :

योग्यता :

१.तपाईले विद्यालय सुचारु रुपमा संचालन गर्नका लागि के -कस्तो योजना वनाउनु भएको छ ? केहीवताइदिनु हुन्छ की ?

...............................................................................................

२.तपाईको विद्यालयमा सवै अनिवार्य विषयसँग सम्वन्धित शिक्षक निर्देशिका पाठ्यक्रम र अन्य सन्दर्भ सामग्रीको व्यवस्था कस्तो छ ?

....................................................................................................

३.अनिवार्य विषय अध्यापन गर्ने सवै शिक्षकले सम्वन्धित विषयमा विशिष्टीकरण गरेका छन् ?

..............................................................................................

४. विद्यालयमा शिक्षकको योग्यता , तालिम र शिक्षण अनुभव के -कस्तो छ ?

..............................................................................................

५. शिक्षकको कक्षा अवलोकन गर्नुहुन्छ ?

................................................................................................

६.कक्षा अवलोकन गर्दा शिक्षकले उपयुक्त शिक्षण विधि अपनाएको पाउनु भएको छ ?

.......................................................................................

७.शिक्षकहरुले कक्षाकोठामा कस्ता-कस्ता क्रियाकलाप गर्ने गर्दछन् ?

.........................................................................................

८. सवै अनिवार्य विषयका शिक्षण क्रियाकलापवाट विद्यार्थीहरु सन्तुष्ट छन् ?

.........................................................................................

९.तापाईको विद्यालयमा शिक्षकहरुले समयमानै कोर्ष पूरा गर्नुहुन्छ ?

...................................................................................

१०.उपयुक्त शिक्षण विधि र सिक्षण सिकाइ क्रियाकलाप वाट कक्षा संचालन गर्नमा तपाईले कसरी सहयोग गर्नु हुन्छ ?

......................................................................................

११. तपाईको विद्यालयमा परीक्षा प्रणाली कस्तो किसिमको छ ?

.....................................................................................

१२.विद्यालयको शिक्षणलाई अझै प्रभावकारी वनाउन के-कस्ता उपाएहरु अपनाउनु पर्ला ?

....................................................................................

## अनुसूची ३

## शिक्षकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : शिक्षण अनुभव :

योग्यता :

विषय :

१. तपाईले शिक्षण गर्नु भन्दा अगाडि पाठ योजना वनाउने गर्नु भएको छ ?

.........................................................................................

२.पाठयोजना वनाउदा के-के फाइदा हुन्छ ?

.........................................................................................

३. कक्षा प्रवेशका साथै विद्यार्थीको ध्यान आकर्षणमा के-कस्तो रणनीति अवलम्वन गर्दै आउनु भएको छ ?

.........................................................................................

४.तपाईले कुन-कुन विधिको प्रयोग गरी अध्यापन गर्दै आउनु भएको छ ?

.........................................................................................

५.तपाईले शिक्षण गर्ने विषयमा आवश्यक पर्ने विषयमा आवश्यक पर्ने सामग्री विद्यालयमा उपलव्ध छ ?

.........................................................................................

६.तपाईले शिक्षण गर्ने विषयमा के-कस्ता शैक्षिक सामग्री आवश्यक छन् ?

.......................................................................................

७.विद्यार्थीलाई कक्षा क्रियाकलापमा कतिको सक्रिय वनाउनु हुन्छ ?

....................................................................................

८.शिक्षणकै क्रममा मूल्याङ्कन गर्नुहुन्छ ?

......................................................................................

९.पाठको अन्त्यमा पृष्ठपोषण दिने गर्नु भएको छ ?

..................................................................................

१०.विद्यार्थीहरुलाई घरमा गरेर ल्याउनको लागि गृहकार्य दिने गर्नु भएको छ ?

....................................................................................

११. तपाईको विद्यालयमा परीक्षा प्रणाली कस्तो रहेको छ ?

.....................................................................................

१२.शिक्षण क्रियाकलापमा के-कस्ता समस्याहरु रहेका छन् ?

............................................................................................

१३ शिक्षण क्रियाकलापमा रहेका समस्याको आधारमा समाधानका उपायहरु सुझाउन सकिन्छ ?

...................................................................................................

## अनुसूची ४

## विद्यार्थीहरुको लक्षित समूह छलफलका लागि निर्देशिका

१.लक्षित समूह संचालन प्रतिक्रिया

क)परिचय आदन प्रदान

ख)सहभागितालाई कार्यक्रमवारे जानकारी

ग)सहभागितालाई कार्यक्रमको उद्देश्यवारे जानकारी

घ)छलफलको सुरुवात

२.छलफलका विषयवस्तुहरु

क) कक्षाकोठा व्यवस्थापन सम्वन्धमा

ख) सिकाइ वातावरणको निर्माण सम्वन्धमा

ग) कक्षा शुरुवात र प्रस्तुती सम्वन्धमा

घ)शैक्षिक सामग्री सम्वन्धमा

ङ) शिक्षण विधि सम्वन्धमा

च)विद्यार्थी क्रियाकलाप सम्वन्धमा

छ)विद्यार्थी मूल्याङ्कन सम्वन्धमा

ज)गृहकार्य सम्वन्धमा

झ) पाठको समाप्ती सम्वन्धमा

सुधारात्मक शिक्षण सम्वन्धमा

## अनुसूची-५

## शिक्षकको कक्षा अवलोकन निर्देशिका

विद्यालयको नाम: मिति:

शिक्षकको नाम:

विद्यार्थीको संख्या:

विषय: पाठको सुरु:

कक्षा: पाठको अन्त्य:

एकाइ:

शीर्षक:

| क्र.सं. | कक्षा अवलोकनका क्षेत्रहरु | अवस्था |
|---|---|---|
| १ | विषयवस्तुको तयारी<br>- विषयवस्तुको ज्ञान<br>- शिक्षक निर्देशिकाको प्रयोग<br>- पाठयोजना तयारी<br>- शिक्षण गर्ने विषयवस्तुको संगठन | |
| २ | कक्षाकोठाको व्यवस्थापन<br>- कक्षामा वस्ने व्यवस्था<br>- कक्षाकोठाको वातावरण<br>- पाठको विषयवस्तु अनुसार कक्षा | |

| | | |
|---|---|---|
| | व्यवस्थापन | |
| ३ | पाठको सुरुवात<br>- पाठ्यक्रममा आधारित उद्देश्य<br>- कक्षाको सुरुवात<br>- उत्प्रेरणाको सिर्जना<br>- पूर्वपाठ र नयाँ पाठको सम्बन्ध जोडेको<br>- प्रस्तुतीकरण | |
| ४ | शिक्षण सिकाइ क्रियाकलाप<br>- शिक्षण विधिको उपयुक्तता<br>- शिक्षण विधि अनुसार शिक्षण सामग्री स्थानीय सामग्री<br>- स्थानीय सामाग्रीको निर्माण र प्रयोग<br>- विषयवस्तुको क्रमवद्ध प्रस्तुती<br>- पाठ्यक्रमसँग मिल्दो जुल्दो विषयवस्तु<br>- उदाहरणको उपयुक्तता<br>- विद्यार्थीको स्तर र रुचि अनुसार शिक्षण क्रियाकलाप<br>- विद्यार्थीलाई सक्रिय सहभागी गर्ने सीप | |
| ५ | मूल्याङ्कन | |

| | | |
|---|---|---|
| | ) कक्षा मूल्याङ्कन गर्ने सीप<br>) प्रश्न सोध्ने सीप<br>) विद्यार्थीको निरन्तर मूल्याङ्कन<br>) विद्यार्थीलाई पृष्ठ पोषण<br>) उद्देश्य प्राप्ती | |
| ६ | गृहकार्य<br>) गृहकार्यको नियमितता<br>) गृहकार्यको नियमित परीक्षण | |

## अनुसूची ६

### विद्यालय व्यवस्थापन समितिको अध्ययक्षका लागि प्रश्नावली

१. तपाईको विद्यालयका कक्षा-९मा अध्यापनरत अनिवार्य विषयको शिक्षकहरु नियमित रुपमा उपस्थित हुन्छन् ?

....................................................................................................

२. अनिवार्य विषयको शिक्षकहरुले तालिम लिनु भएको छ ?

....................................................................................................

३. अनिवार्य विषयको शिक्षकहरुले पढाएको वेलामा कक्षा अवलोकन गर्नु भएको छ ?

....................................................................................................

४.अनिवार्य विषयको विद्यार्थीहरुको सिकाइ उपलव्धी कस्तो छ ?

....................................................................................................

५. राम्रो शिक्षण गर्ने शिक्षकको कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

....................................................................................................

६. अनियमित हुने र राम्रो शिक्षण नगर्ने शिक्षकको कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

....................................................................................................

७. अनिवार्य विषयको शिक्षकहरुलाई विद्यालयकले के-कस्तो सेवा सुविधा दिइएको छ ?

....................................................................................................

८. अनिवार्य विषयको शिक्षकहरुलाई पुनर्ताजगी तालिम पठाउनु हुन्छ या हुँदैन ?

....................................................................................................

९.अनिवार्य विषयको सिकाइ उपलव्धिमा सुधार ल्याउन के प्रयास गर्नु पर्ला ?

....................................................................................................